आफ्नो घर, व्यवसायमा बालबालिकालाई श्रममा नलगाऔं, अरुलाई पनि बालश्रम प्रयोग नगर्न सूचित गरौं।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८०१६२६०२६,
९८०१६२६०२५
०४१५९०१०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

वर्ष २२ • अंक ३४६ • २०७७ साल बैशाख २९ गते सोमबार (11 May, Monday, 2020) • पृष्ठ ८ • मूल्य रु. ५।-

## जसपाको विधान, घोषणा पत्रमा ढिलाइ, दुवै तर्फ बैठक

**टुडे समाचारदाता**

काठमाण्डु ।समाजवादी र राष्ट्रिय जनता पार्टी मिलेर बनेको जनता समाजवादी पार्टीको विधान , घोषणा पत्र लेखनमा ढिलाई भइरहेकोछ ।दुवै दलको छुट्टाछुट्टै बैठक निरन्तर भइरहेको छ ।तर घोषणाको बिन्दुमा पुन सकिएको छैन् । 'विधान , घोषणा पत्र लेखनको कार्य भइरहेकोछ' समाजवादी पार्टीका महासचिव रामसहाय यादवले भने, तर अझै टुंगो लागिसकेको छैन् ।शीर्ष नेताहरुबीचपनि निरन्तर संवाद र छलफल भइरहेको उनले बताए ।

दल दर्ताको सम्पूर्ण प्रकृया पुरागरि वैशाख महिना भित्रै दर्ता गर्ने प्रयास सफल हुने देखिएको छैन् ।दल एकिकरणका लीग दुवै पार्टीले आ-आफ्नो केन्द्रिय समितिबाट निर्णय गरिसकेका छन् ।तर अन्य प्रकृयाहरु जारी रहेकाले अझै केहि समय लाग्ने नेताहरुले जनाएका छन् ।

कार्यसम्पादन समिति र सचिवालय कति सदस्य राख्ने र त्यसमा को को रहने विषयमा राजपा भित्र सहमति जुटन सकिरहेको छैन्।राजपा अध्यक्ष मण्डलका केहि सदस्यहरुले कोर कमिटीमा जानबाट केहिलाई रोक्ने प्रयास गरिरहेको बताइन्छ। राजपा अध्यक्ष मण्डलका केहि सदस्यहरुले असन्तुष्टि जनाउँदै बैठकमा जान छाडेका छन् ।यद्यपी अन्य विषय सकारात्मक रुपमा अगाडी बढेको उनीहरुले दावी गरिरहेका छन् ।जसपाको एकिकरणका लागि दुवै पार्टीका शीर्ष नेताहरुले गत १० गते राती सहमति पत्रमा हस्ताक्षर गरेका थिए ।

> *"राजपा अध्यक्ष मण्डलका केहि सदस्यहरुले असन्तुष्टि जनाउँदै बैठकमा जान छाडेका छन् ।यद्यपी अन्य विषय सकारात्मक रुपमा अगाडी बढेको उनीहरुले दावी गरिरहेका छन् ।*

सहमति पत्र निर्वाचन आयोगमा दर्ता भइसकेको छ ।आयोगले ४५ दिन भित्र पार्टी एकिकरणको प्रकृया पुरागरि पेश गर्न भनेकोछ ।त्यसको तयारी दुवै दलका नेताहरु जुटेपनि वरियता मिलाउन समस्या देखिएकोछ।

सरकारले समाजवादी पार्टी विभाजन गर्न अध्यादेश ल्याएपछि फुटको सघारमा रहेको पार्टीलाई जोगाउन राती दुवै दल एकिकृत भएको सहमति पत्रमा झण्डा, चुनाव चिन्ह र नाम समेत उल्लेखगरि आयोगमा दर्ता गरेको थियो ।

## प्रहरी ज्यादती बढदो, पत्रकार यादव रिहा

**अनिल तिवारी**

वीरगन्ज। कोरोनाबाट सुरक्षित रहन लागु गरिएको लकडाउनमा पर्सा प्रहरीको ज्यादती बढन थालेकोछ। कार्यक्षेत्रमा खटिएका पत्रकारलाई प्रहरीले सञ्चार माध्यमको ढोकाबाट नै पक्राउ गरी ७ घण्टा पछि रिहा गरेको छ।

प्रेसको ज्याकेट र कार्ड बोकेर आफ्नो कार्यालयको बाहिर सुस्ताउन बसेका पत्रकार बिचारी यादवलाई प्रहरीले हातपातगर्दै भ्यानमा राखेर जिल्ला प्रहरी कार्यालयमा आइतवार दिउँसो लगेको स्थानीय प्रत्यक्षदर्शी पत्रकारले जनाए।

एफएम स्टेशनको प्रवेशद्वार छेउके सडकपेटीमा पत्रकार यादवले मोटरसाइकल पार्किङ्ग गरि राखेका थिए। दुइ वटा प्रहरी भ्यानमा आएका प्रहरीले सडक पेटीमा मोटरसाइकल राखेके निहुमा यादवलाइ लछार पछार गर्दै भ्यानमा हालेर लगेको प्रत्यक्षदर्शी दिपेन्द्र साहले जनाए।

'प्रहरीले मोटरसाइकल हटाउन यादवलाई गाली गरे' साहले भने, तिवारी यादवले गाली नगर्नुस् हामी हटाइ हाल्छु भन्ने बित्तीकै एक जना असइले लछारपछार गर्दै यादवलाइ गाडीमा हालेर लगे । प्रहरी भ्यानमा हालेपछि प्रहरीले यादवको मोबाइल पनि खोसको उनले बताए।

पक्राउ गरेर जिल्ला प्रहरी कार्यालयमा लगिएका पत्रकार यादवलाइ प्रहरीके भ्यान भित्र लामो समय राखिएको थियो । उनलाइ गाडीबाट झर्न दिइएको थिएन्।



पत्रकार यादवलाइ प्रहरीले पक्रेर लगेको खबर पाए लगत्ते जिल्ला प्रहरी कार्यालय पर्सामा पुगेका सञ्चारकर्मीहरुलाइ समेत यादवसंग भेट गर्न दिइएन्।

'लकडाउनमा प्रहरीको ज्यादती बढेको छ' जिल्ला प्रहरी कार्यालय पुगेका सञ्चारकर्मीहरुले प्रतिकृया जनाउँदै भने, अरु तिरको रिस प्रहरीले सञ्चारकर्मी माथि पोखन थालेकाछन्। प्रहरीको यस्तो रवैयाको सशक्त प्रतिवाद गरिने उनीहरुले जनाए।

पत्रकार यादव पक्राउ परेको घटना बारे बुझ्न पर्साकी प्रहरी उपरिक्षक गंगा पन्तलाइ फोन गर्दा उनले भनिन्, 'डिआइजी साब आउनु भाछ म त्यसैमा अहिले व्यस्त छु पछि कुरा गरौंला।

## किसानले रोकेको ट्रक छुटाउन झडप, ११ घाइते

**टुडे समाचारदाता**

मलंगवा।चिनीमिलबाटपीडित सर्लाही धनकौल गाउँपालिकाका किसानहरुले रोकेका ट्रक छुटाउने विषयमा आइतवार बिबाद हुँदा ११ जना घाइते भएका छन् ।



चिनी मिलबाट किसानको भुक्तानीको विषयमा सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी(नेकपा)का कार्यकर्ता र प्रमुख प्रतिपक्षी नेपाली काँग्रेसका कार्यकर्ताहरुबीच झडप भएको हो । झडपमा दुवै दलले आ-आफ्ना पक्षका कार्यकर्ताहरु घाइते भएका आरोप लगाएका छन् ।

नेकपाका नेता अजयकुमार सिंहले किसानले भुक्तानी पाउने आधार तय गरेर मात्रै ट्रक छाड्न खोज्दा काँग्रेस कार्यकर्ताले विवाद गरी आक्रमणमा उत्रिएको आरोप लगाए। 'सहमतिका बारेमा किसानलाई जम्मा पारेर जानकारी गराइरहेका बेला काँग्रेस कार्यकर्ताले ढुङ्गामुढासहित आक्रमण गरे' उनले भने, काँग्रेसको आक्रमणमा परी नेकपाका विष्णु प्रसाद सिंह, नितेश सिंह, सुरेश सिंह, जोगेन्द्र सिंह, खुशीकान्त झा र रामेश्वरी देवी घाइते भएका छन्। उनीहरुको उपचार बरहथवामा भएको उनले बताए।

तर काँग्रेसका प्रदेश सभा सदस्य वीरेन्द्र सिंहले नेकपाका समर्थकहरुले गरेको आक्रमणबाट मुकेश साह, मोहन राय, अमरेन्द्र कुमार साह, इलियाम मन्सुरी र शम्भु साह घाइते भएको बताए। घाइते शम्भु साहको घरमा तोडफोड समेत गरिएको उनले जनाए।

जिल्लाका सुरक्षा अधिकार िसहित सबै सरोकारवालाबीच छलफल गरी चिनी बिक्री हुनासाथ सबै किसानलाई न्यूनतम ५० हजार रुपियाँ प्रदान गर्ने सहमति जुटिसकेको अवस्थामा आइतवार बिहान अचानक विवाद सिर्जना गरिएको उनले बताए ।नेकपा र जनता समाजवादी पार्टीका नेताले अनावश्यक विवाद गरेर माहोल बिगारेको सिंहले आरोप लगाए।

अन्नपूर्ण चिनी उद्योग धनकौलमा मौज्दात रहेको चिनी लिन मध्यरातमा आएका छवटा ट्रक किसानले नियन्त्रणमा लिएका थिए । विक्री गरेको उखुको भुक्तानी नदिएसम्म ट्रक नछाड्ने अडान किसानले छाडेको छैन् ।

किसानले नियन्त्रणमा लिएका ट्रक धनकौल गाउँपालिकास्थित ईलाका प्रहरी कार्यालय हरकठवा र बसबरिया गाउँपालिकास्थित प्रहरी चौकी भवानीपुरमा राखिएकोछ । हरकठवामा रहेका चारमध्ये दुईवटा ट्रक खाली र दुईवटामा चिनी लोड रहेकोछ ।त्यसैगरि भवानीपुरमा रहेका दुबै ट्रकमा चिनी लोड गरिएको छ । प्रहरी कार्यालयमा थन्किएका ट्रक छाड्ने र किसानको बाँकी भुक्तानी दिलाउने छलफल चलिरहेको बखत नै झडप भएपछि शनिवारको सहमति बिथोलिएकोछ।

भुक्तानीको आश जागेपनि दुई दलबीचको झडपले त्यो विथोलिएपछि किसानहरु निराश भएका छन् ।भुक्तानीका लागि लामो समयदेखि संघर्षगर्दै आएका किसानहरुका लागि ५० हजार तत्काल भुक्तानीबाट ठूलो राहत मिल्ने अपेक्षा थियो ।

यसैबीच सर्लाहीका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले समस्या समाधान गर्न पहल थालेका छन् ।धनकौलमा सुरक्षा व्यवस्थालाई कडा बनाउन थप सुरक्षाकर्मी परिचालन गरिएकोछ । अन्नपूर्ण चिनी मिलले किसानलाई तीन/चार वर्षदेखिको भुक्तानी दिएको छैन् ।मिलबाट चिनी झिक्नु अगाडी भुक्तानी दिने सहमति उल्लंघनगर्दै ट्रक पठाएपछि किसानहरुले नियन्त्रणमा लिएर प्रहरी चौकीमा थन्काएका थिए ।






# जीतपुरमिरा उपमहानगरपालिकाले सबै वडामा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने

**टुडे समाचारदाता**




जीतपुर । बाराको जीतपुरमिरा उपमहानगरपालिकाले नगरबासीको स्वास्थ्यलाई मध्यनजर गर्दै आफ्नो २४ वटे वडामा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने भएको छ। उपमहानगरपालिकाले आइतबार भएको कार्यपालिका बैठकमा स्वास्थ्य क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई जोखिम भत्ता उपलब्ध गराउँदै हरेक वडामा स्वास्थ्य केन्द्र खोल्ने निर्णय गरेको छ।

उपमहानगरपालिकाले दोस्रो चरणको राहत बितरण महसुस गर्दै बन्दाबन्दीबाट प्रभाबित हरेक वडालाई बढीमा सात लाख सम्म राहतमा खर्च गर्ने अधिकार दिएको उपमहानगरपालिकाका नगर प्रमुख डा.कृष्ण पौडेलले जानकारी दिए।

सम्झौता भईसकेका योजनाहरुलाई जेठ मसान्तसम्ममा सम्पन्न गर्ने निर्णय गरेको छ। बिकास निर्माणको काममा टेण्डर तथा बोलपत्र आहवान नभएको अवस्थामा सम्झौताको आधारमा कार्य सम्पन्न गर्ने निर्णय भएको उपमहानगरपालिकाले जनाएको छ।

# अलपत्र नेपालीको उद्धारका लागि २० करोड 'सिडमनी' व्यवस्था गर्न माग

काठमाण्डु । गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले कोभिड-१९ बाट प्रभावित मध्यपूर्वी मुलुकमा रहेका नेपालीको अवस्थाका बारेमा जानकारी लिएको छ।

एनआरएनको मध्यपूर्व क्षेत्रका प्रतितिधि र नेपाली नियोगका प्रतिनिधि सहभागी 'भर्चुअल' बैठकमा कोभिड-१९ का कारण प्रभावित नेपालीको वर्तमान अवस्थाका बारेमा छलफल भएको थियो।

बैठकमा बहराइनका लागि नेपाली राजदूत पदम सुन्दासले सकारात्मक सूचना सम्प्रेषण गरी नेपालीको मनोबल उच्च बनाउन सबैले भूमिका खेल्नुपर्नेमा जोड दिनुभएको थियो।

कतारका लागि नेपाली राजदूत नारद भारद्वाजले नेपाल सरकारले प्राथमिकता क्रम छुट्याई नेपाल जाने पर्ने अवस्थाका नेपाली नागरिकलाई नेपाल लेजाने तयारी गरिरहेको जानकारी दिनुभएको थियो।

कोरोनाका कारण कति समयसम्म अन्तराष्ट्रिय उडान रोकिन्छ भन्ने यकिन नभएकाले सो अवधिसम्म धैर्य गर्न उहाँले आग्रह गर्नुभयो।

सङ्घका अध्यक्ष कुमार पन्तले मध्यपूर्वमा रहेका नेपाली कामदारको स्वास्थ्यलाई लिएर आफूहरु अत्यन्तै चिन्तित रहेको भन्दै महामारीबाट बच्न सबैको सहयोगको खाँचो औँल्याउनुभयो।

सङ्घका उपाध्यक्ष बद्री केसीले नेपाली कामदारको उद्धारका लागि रु २० करोडसम्मको 'सिड मनी'को व्यवस्था गर्न नेपाल सरकारलाई प्रस्ताव गरिएको बताउनुभयो।रासस

# निजगढमा नगर बाहिरका कामदार निषेध

**रञ्जन यादव**



जीतपुर । बाराको निजगढ नगरपालिकाले नगर बाहिरका कामदारहरुलाई निषेध गरेको छ । निजगढ नगरपालिका र निर्माण व्यवसायी विच भएको छलफलपछि नगरपालिकाले यस्तो निर्णय गरेको हो । नगरपालिकामा नगर प्रमुख सुरेश कुमार खनालको अध्यक्षतामा बसेको बैठकले बन्दाबन्दीको अवधिमा निर्माण कार्य सञ्चालन गर्दा अपनाउनु पर्ने सतर्कताको बिषयमा छलफल भएको थियो । नगरबाहिर क्षेत्रका कामदारहरु निषेध गरिएको छ।

बाहिरबाट ल्याउँपर्ने भएका १४ दिन क्वारेनटाईनमा राखेर परीक्षण गरेर मात्र काममा खटाउन पाईने निर्णय भएको नगरपालिकाको कार्यालयले जनाएको छ।यो नियम निजगढसँग जोडिएर रहेको टाँगियाबस्तीका कामदारको हकमा पनि लागु हुने भएको छ। निजगढमा हुने प्रायः निर्माण कार्यमा टाँगिया बस्ती क्षेत्रका कामदार प्रयोग गरिदै आएको छ। टाँगिया बस्ती क्षेत्रका कामदार प्रयोग गर्न व्यवसायिले निजगढमा नै क्याम्प खडा गरेर राख्नुपर्ने निर्णय भएको छ । निजगढ नगरपालिकाको बैठकमा निजगढका निर्माण व्यवसायिको उपस्थिति रहेको थियो ।बैठकले घर निर्माण गर्दा वडा कार्यालयमा विवरण बुझाउनुपर्ने निर्णय गरेको छ।

घरधनीको परिचय, सम्पर्क नम्बरसहित देखि कामदारको संख्या र परिचयको विवरण निर्माण व्यवसायिले संकलन गरेर वडा कार्यालयमा बैशाख २९ गतेसम्ममा दर्ता गर्नुपर्ने निर्णय गरेको छ।

निर्माण कार्यमा कामदार घटबढ् गर्नुपर्ने भएमा वडा कार्यालयमा जानकारी गराएर मात्रै गर्नुपर्ने सहमती भएको छ।

# लकडाउनले बनायो मजदूरलाई व्यवसायी

काठमाण्डु । लकडाउनका कारण कतिपय मजदूरलाई दैनिक गुजाराको समस्या परेको भएपनि यहाँका मजदूर भने व्यवसायी बनेका छन् । लकडाउन अघि मजदूरीमा लागेका अहिले तरकारी, फलफूल र हरियो मकै जस्ता वस्तुको बिक्री गर्ने व्यवसायमा लागेका छन्।मजदूरले आफैँ ठेला, रिक्सा, साइकल किनेर त्यसमार्फत घरघरमा सामान पुऱ्याउन थालेका हुन्।

साइकलमा रु तीन सयको टोकरी (क्रेट) राखेपछि उनीहरुको व्यवसाय शुरु हुने गरेको छ। कालिका नगरपालिका-४ का सोम थापामगर टिप्परका चालक हुनुहुन्थ्यो । लकडाउनसँगै टिप्पर चल्न छोडेपछि आजभोलि उहाँ तरकारी व्यवसायी बन्नुभएको छ।

पदमपुर क्षेत्रमा उत्पादित तरकारी खरीद गरेर भरतपुर क्षेत्रमा बिक्री गर्नु उहाँको अहिले दैनिकी बनेको छ । दैनिक रु सात/आठ सय बचाउन सकिने उहाँको भनाइ छ । जुन तरकारी बिक्री हुन्छ, त्यही तरकारी किनेर ल्याउने गरेको उहाँले बताउनुभयो। बिहान दुई/तीन घण्टा समय दिएपछि त्यति कमाई हुने थापामगरको भनाइ छ।

पदमपुरका सोम थापामगरको घरमा रहेको सानो किराना पसल सामानको अभाव चल्न पाएको छैन तर उहाँले आजभोलि तरकारीको व्यापार गर्न थाल्नुभएको छ । किराना पसलमा नगदमा सामान ल्याएर उधारोमा बाँड्नुभन्दा बिहानको समयमा तरकारी बिक्री गर्दा त्यसले बढी फाइदा हुने गरेको उहाँले बताउनुभयो।

भरतपुर क्षेत्रमा ई-रिक्सा चलाउँदै आउनुभएका विष्णु कार्की यतिबेला हरियो मकै बिक्री गर्न व्यस्त हुनुहुन्छ। ई-रिक्सा नचलेपछि बिहानै पश्चिम चितवन र गैँडाकोट पुगेर बारीबाटै मकै ल्याएर बिक्री गर्ने गरेको उहाँले बताउनुभयो। राम्रो मिहिनेत गरे एकै दिन रु आठ/नौ सय कमाई गर्न सकिने उहाँले बताउनुभयो । बिहान दुई/तीन घण्टा खट्दा यति आम्दानी हुने गरेको उहाँको भनाइ छ।

नारायणगढमा रहेको महानगर फलफूल तथा तरकारी बजार लकडाउनसँगै बन्द गरिएको छ। जसका कारण स्थानीय उत्पादन उपभोक्तासम्म लैजान समस्या भइरहेका बेला थपिएका यस्ता व्यापारीले घरघरमा तरकारी र फलफूल पुऱ्याउन थालेपछि उपभोक्ता लाभान्वित भएका छन् भने स्थानीय उत्पादनले बजार पाएको छ।

सो बजारका प्रबन्ध निर्देशक एवं फलफूल तरकारी थोक व्यवसायी सङ्घ चितवनका निवर्तमान अध्यक्ष थिरप्रसाद धिताल घरघरमा तरकारी बिक्री गर्नेको सङ्ख्या बढेको बताउनुहुन्छ । उहाँका अनुसार कागती, आलु, प्याज, खरबुजा जस्ता केही भारतीय उत्पादन उनीहरुले बेचेको भए पनि अन्य स्थानीय उत्पादनलाई घरघरमा पुऱ्याउन थालेका हुन् । मजदूरी गर्नेहरुले व्यवसाय गर्न थालेको उहाँले बताउनुभयो । बजार बन्द रहेका बेला उनीहरुका कारण उपभोक्ताले आवश्यक तरकारी, फलफूल किन्न पाएको धितालले बताउनुभयो । रासस

## डा. सुरेन्द्र यादव अपहरण प्रकरण

# नेता शेषनारायणसँग लिइयो २ घण्टा बयान

**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टीका सांसद डा. सुरेन्द्र यादवको अपहरण सम्बन्धमा प्रहरीले अनुसन्धान शुरु गरेको छ।

नेपाल प्रहरीले घट्नाको अनुसन्धान गर्न प्रहरी निरिक्षक देवी प्रसाद पौडेललाई जनकपुरधाम खटाएपछि यहाँ बयान लिने काम शुरु भएको छ। पहिलो चरणमा अपहरण मुद्दाका साक्षी समेत रहेका जनता समाजवादी पार्टीका नेता शेषनारायण यादवसँग बयान लिइएको छ।

उनलाई जिल्ला प्रहरी कार्यालय, धनुषा बोलाएर बयान लिएको छ । पूर्व स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा. सुरेन्द्रकुमार यादवको गत बैशाख १० गते नेपाल प्रहरीका पूर्व आईजीपी सर्वेन्द्र खनाल र



नेकपाका सांसदद्वय महेश बस्नेत तथा किसान श्रेष्ठले अपहरण गरेको जनता समाजवादी पार्टीले बताउँदै आएको छ।

यी तीनै जनाबिरुद्ध सरकारी वकीलको कार्यालय काठमाडौँमा उजुरी परेपछि प्रहरीले अनुसन्धान शुरु गरेको हो । धनुषाका एसपीले आफूलाई फोन गरेर बोलाएको नेता शेषनारायण यादवले बताए । उनले भने, "काठमाडौँबाट आएको टोलीले आफूसँग झण्डै २ घण्टा सोधपुछ गरेका छन्।"

यादवले आफू सत्यतथ्य कुरा टोलीलाई भनेको बताए । जुन तरिकाले घट्ना भयो आफूले त्यहीं कुरा बताएको उनले बताए।

सांसद यादवलाई जनकपुरबाट काठमाडौँ लग्ने क्रममा उनले सबैभन्दा पहिले बाटोबाट नेता यादवलाई नै सम्पर्क गरेका थिए । त्यसैले पहिलो बयान उनैसँग लिइएको प्रहरी श्रोतको भनाई छ।

प्रहरीको टोलीले सांसद यादवको महोत्तरीको सम्सी गाउँपालिका ४ स्थित गाउँ पुगेर उनका परिवारजन र स्थानीयसँग समेत सोधपुछ गरेको बताइएको छ।

# प्रदेशमा तीन हजार ५२० स्वाब सङ्कलन

जनकपुरधाम । कोभिड-१९ रोकथाम अभियानअन्तर्गत प्रदेश नं २ मा हालसम्म तीन हजार ५२० जनाको स्वाब परीक्षण (पिसीआर) का लागि नमूना सङ्कलन गरिएको छ। शनिबार ३४७ जनाको स्वाब सङ्कलन गरिएपछि यो सङख्या तीन हजार ५२० पुगेको हो।

प्रदेशको पर्सा जिल्लामा सङ्क्रमण बढ्दै गएपछि वीरगञ्ज महानगरपालिकाको छपकैया बस्तीमा सघन स्वाब सङ्कलन जारी राखिएको प्रदेश नं २ स्वास्थ्य निर्देशनालयको कार्यालय जनकपुरधामले जनाएको छ।

प्रदेशमा हालसम्म स्वाब सङ्कलन गरिएमध्ये दुई हजार ४४७ को नतिजा प्राप्त भएको कार्यालयका वरिष्ठ स्वास्थ्य अधिकृत विजयकुमार झाले जानकारी दिए।

जसमध्ये दुई हजार ४१६ को नतिजा नेगेटिभ र ३१ जनाको पोजेटिभ पुष्टि भएको छ । एक हजार ७३ को भने रिपोर्ट साँझसम्म प्राप्त हुने भएको भनाइ छ।

पोजेटिभ नतिजा आएमध्ये तीन भारतीयसहित २५ जना पर्साका छन्। त्यसबाहेक रौतहटका तीन, बाराका दुई र सर्लाहीका एक जना भएको कार्यालयले जनाएको छ।

सङ्क्रमितमध्ये निको भएर घर फर्केका तीन भारतीय र एक रौतहटका व्यक्तिमा स्वास्थ्य समस्या बल्झिएपछि फेरि अस्पतालमा ल्याइएको छ। रासस

# भारत सीमासँग काँडेतार लगाउन माग

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (नेकपा) निकट विद्यार्थी र युवा सङ्गठनले नेपाल-भारत सिमानामा काँडेतार लगाउन माग गरेका छन्। राष्ट्रिय युवा सङ्घ नेपाल र अनेरास्ववियुले आइतबार परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीलाई ज्ञापनपत्र बुझाउँदै नेपालको सिमाना रक्षाका लागि सिमानामा सुरक्षा फौज राख्नुपर्ने र सिमानामा काँडेतार लगाई घेराबार गर्न माग गरेको हो।

मन्त्री ज्ञवालीलाई सङ्घका संयोजक रामप्रसाद सापकोटा र अनेरास्वबियुका संयोजक ऐन महरको नेतृत्वमा गएको टोलीले मन्त्री ज्ञवालीलाई ज्ञापनपत्र बुझाउँदै भारतसँग सीमासम्बन्धी दीर्घकालीन समस्या समाधान गर्नका लागि उच्च तहबाट निर्णायक पहल गर्नसमेत सरकारलाई अनुरोध गरेको छ।

ज्ञापनपत्रमा गत मङ्सिरमा भारतले नेपाली भूमि अतिक्रमण गरी सार्वजनिक गरेको राजनीतिक नक्साको खारेजी र गत वैशाख २६ गते भारतीय पक्षबाट नेपाली भूमि अतिक्रमण गरी बनाइएको सडक सञ्चालन रोक्नका लागि तत्काल कूटनीतिक कदल चाल्नसमेत सरकारलाई आग्रह गरेको छ।

उनीहरुले भारत पक्षले तावाघाट, लिपुलेक हुँदै मानसरोवरतर्फ जान हाम्रो देशको व्यास गाउँपालिका-१ को गुञ्जीदेखि लिपुलेकसम्मको भूभाग मिचेर २२ किलोमिटर लामो बाटो निर्माण गरी शिलान्यास भएको खबरले आक्रोशित बनाएको भन्दै तत्काल कूटनीतिक पहलकदमीबाट यी कदम रोक्न रोकाउन र सम्पूर्ण नेपालका मिचिएका भूमिफिर्ता गर्न गराउनसमेत विशेष पहल गर्न माग गरेका छन्।रासस

# नेपाली भूमिमा भारतले सडक बनाउनु आपत्तिजनकः नेता नेपाल

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता एवं पार्टीका विदेश विभाग प्रमुख माधवकुमार नेपालले भारतले नेपाली भूमिबाटै चीनको मानसरोवर जाने सडक निर्माण गरी उद्घाटन गर्नु अत्यन्त दुःखद् र आपत्तिजनक रहेको बताउनुभएको छ।

आज एक वक्तव्य जारी गर्दै उहाँले सीमा विवाद समाधान गर्न नेपालले प्रस्ताव गरेको परराष्ट्र सचिवस्तरीय बैठकको बेवास्ता गर्दै एकाएक नेपाली भूमिमा सडक निर्माण गर्नुले नेपालको सार्वभौमसत्ता र अखण्डतामाथि प्रहार भएको बताउनुभएको छ।

यसबाट दुई देशबीच यसअघि भएका सम्झौता र सहमतिको गम्भीर उल्लङ्घन भएको पनि उहाँले बताउनुभएको छ।

पूर्वप्रधानमन्त्री नेपालले भारतको उक्त कदमको विरोध गर्दै नेपाली भूमिभित्र कुनै पनि संरचना निर्माण र प्रयोग नगर्न पनि आग्रह गर्नुभएको छ।

नेपालको पश्चिमी पहाडी भू-भाग र भारतबीचको सीमा सन् १८१६ मा सम्पन्न सुगौली सन्धिबाट निर्धारित भएको भन्दै उहाँले ऐतिहासक तथ्य प्रमाणका आधारमा लिम्पियाधुराबाट निस्कने काली (महाकाली) नदी नै दुई देश बीचको सीमा नदी भएको स्पष्ट पार्नुभएको छ।

दुई देशबीच भएको सन्धिको प्रावधान र मर्म विपरीत भारतले आफ्नो नक्सामा राख्नु, अनधिकृत रुपमा सुरक्षाकर्मी राख्नु र बाटो निर्माण गर्नु स्वतः सन्धि विपरीत हुन्छ, नेता नेपालद्वारा जारी वक्तव्यमा भनिएको छ । कालापानीबाट भारतीय सैनिक फिर्ता र राजनीतिक नक्सा सच्याउन नेपालले बारम्बार आग्रह गर्दै आएको कुरा पनि उहाँले स्मरण गराउनुभएको छ।

पूर्वप्रधानमन्त्री नेपालले भारतले राजनीतिक नक्सा जारी गरेपछि उत्पन्न परिस्थितिमा औपचारिक तहमा वार्ता गर्नका लागि नेपाल सरकारले दुईपटक पत्र लेखिसक्दासमेत त्यस विषयमा तदारुकताका साथ वार्ता अघि बढाउनुको साटो नेपालको सार्वभौमसत्ता सङ्कुचन हुने गरी कदम चाल्नुले थप गम्भीर बनाएको बताउनुभएको छ । रासस

# संसदीय समितिको ठहर : भारतको अतिक्रमणकारी नीति देखियो

काठमाण्डु । सङ्घीय संसद्को महत्वपूर्ण समिति राज्य व्यवस्था तथा सुशासन समितिले भारतको पिथौरागढबाट नेपालको कालापानीस्थित गुञ्जी हुँदै चीनको मानसरोवर जाने लिपुभञ्याङसम्मको सडक निर्माण गरी उद्घाटन गर्नुले भारतको नीति अतिक्रमणकारी भएको ठहर गरेको छ। सिंहदरबारमा आइतबार बसेको समितिको बैठकले मुलुकको सार्वभौमिकतामाथि हस्तक्षप र थिचोमिचो गरी तेस्रो मुलुक पुग्ने सडक निर्माण गर्नु अतिक्रमणकारी नीति भएको ठहर गर्दै भारत सरकारको यस कदमप्रति भर्त्सना र खेद प्रकट गरेको छ।

समितिले गत कात्तिक २५ गते विवादित क्षेत्रका विषयमा मुलुकको सीमा रक्षाका लागि नेपाल सरकारलाई दिएको सातबुँदे निर्देशन दृढतापूर्वक पालना गर्न र वैशाख ७ गते दिएको १५ बुँदे सुझावसमेत कार्यान्वयन गर्नसमेत भनेको छ। भारतले ८ मार्च २०२० मा पिथौरागढबाट नेपालको कालापानीको गुञ्जी हुँदै चीनको मानसरोवर जाने लिपुभञ्याङसम्मको सडक निर्माण गरी उद्घाटन गरेको थियो।

भारत सरकार स्वयंले उक्त स्थान नेपाल-भारतबीच विवादित भूभाग भनी दुई पक्षीय समझदारीद्वारा हल गर्नुपर्ने स्वीकार गरिसकेको अवस्थामा अहिले एकलौटी सडक निर्माण गर्नु नेपाली सार्वभौमिकतामाथिकै प्रहार भएको समितिका सभापति शशी श्रेष्ठले बताउनुभयो । सन् १८१६ को सुगौली सन्धिअनुसार भौगोलिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक प्रमाण, लिखत, नक्सा, तथ्य र महाकाली पूर्वको भूभाग नेपालको अखण्ड सार्वभौमिकताभित्र रहेको प्रमाणित छ । त्यसमा काली नदीको मुहान लिम्पियाधुरा रहेको र उक्त स्थान नेपाल, भारत र चीनबीचको त्रिदेशीय विन्दु रहेको सत्य हो।

समितिले लिम्पियाधुरादेखि पूर्व कालापानी, लिपुलेक लगायतका सम्पूर्ण भागबाट भारतीय सैनिक फिर्ता गरी नेपालको सार्वभौमिकता र राष्ट्रिय अखण्डताको सम्मान गर्न, अतिक्रमणकारी कदम त्याग्न, छिमेकीसँगको मैत्रीपूर्ण सम्बन्धको सम्मान गर्न, पञ्चशीलको सिद्धान्तका आधारमा अन्तर्राष्ट्रिय सम्बन्धको कार्यान्वयन गर्न भारत सरकारलाई आग्रहसमेत गरेको छ। रासस


## तपाईको आज

आचार्य पण्डित : श्री सन्तोष कु. पाण्डेय

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ। |
| बृष | : भ्रमण अवसर हुने। |
| मिथून | : अवसर प्राप्त। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : सुख समृद्धि हुने। |
| तुला | : धन बृद्धि सञ्चय। |
| बृश्चिक | : नयाँ कार्य हुने। |
| धनु | : प्रेम प्रसंग, मित्र सुख। |
| मकर | : प्रतिभा सम्पन्नता। |
| कूम्भ | : बौद्धिक क्षमता। |
| मीन | : वाद विवादबाट बच्नु। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५२००४४ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कोभिड -१९बाट विश्वभर ७८ नेपालीको मृत्यु, छ हजार संक्रमित

काठमाण्डु । विश्वभर महामारीका रूपमा फैलिरहेको कोभिड-१९) संक्रमणका कारण शनिबार साँझसम्म मृत्यु हुने गैरआवासीय नेपाली ७८ पुगेका छन् । गैरआवासीय नेपाली संघ (एनआरएनए), स्वास्थ्य समितिले संकलन गरेको तथ्यांकानुसार सबैभन्दा बढी बेलायतमा ५१ जनाको मृत्यु भएको छ ।



यस्तै संयुक्तराज्य अमेरिकामा कोरोना भाइरसका कारण ज्यान गुमाउनेको संख्या १५ पुगेको छ । समितिका अनुसार न्युयोर्कमा १२, कोलोराडोमा दुई र भर्जिनियामा एक जनाको मृत्यु भएको हो ।

यस्तै संयुक्त अरब इमिरेट्स (युएइ) मा ६ तथा आयरल्याण्ड, जापान, टर्की, नेदरल्याण्डस, बहराइन र स्वीडेनमा एकएक जनाको कोरोना भाइरसका कारण ज्यान गएको समितिका संयोजक डा सञ्जीव सापकोटाले जानकारी दिनुभयो । कोरोना भाइरसका कारणले निधन हुनेमा यो हप्ता थप पाँच जनाले ज्यान गुमाएका हुन् । ज्यान गुमाउनेमा बेलायतका दुई तथा स्वीडेन, बहराइन र युएईका एकएक थपिएका छन् । संयोजक डा सापकोटाका अनुसार नेपालबाहेक विश्वभर पाँच हजार ४७२ गैरआवासीय नेपाली कोरोनाबाट संक्रमित छन् । संक्रमितमध्ये दुई हजारभन्दा बढी नेपाली कोरोना भाइरसबाट मुक्त भएको अनुमान सो समितिले गरेको छ ।

सापकोटाका अनुसार विदेशमा रहेका नेपाली समुदायमा कोरोना भाइरस संक्रमणको गति गत साताभन्दा कम हुँदै गएको छ ।

विश्वभर छरिएका गैरआवासीय नेपाली विज्ञ चिकित्सकको समूहले तयार पारेको सो आँकडानुसार नौ देशमा गैरआवासीय नेपालीको ज्यान गएको छ भने बाँकी २० देशमा रहेका नेपाली कोरोना भाइरसबाट संक्रमित छन् । स्वास्थ्य समितिका अनुसार कतारमा दुई हजार तीन सय, अमेरिकामा एक हजार पाँच सय, बेलायतमा एक हजार, बहराइनमा २४५, युएइमा १४९, नेपालमा १०९, कुवेतमा ७८, मलेसियामा ४९, साउदी अरबमा ३०, पोर्चुगलमा २६, आयरल्याण्डमा २२, स्पेन र अष्ट्रेलियामा १२-१२, जापान र क्यानडामा १०-१०, बेल्जियममा छ, स्विट्जरयाण्डमा पाँच, जर्मनी र फिनल्याण्डमा चारचार, साइप्रस र न्युजिल्याण्डमा तीनतीन, माल्दिभ्स, माल्टा र हङकङमा दुईदुई तथा म्यानमा र फ्रान्समा एकएक गैरआवासीय नेपालीलाई कोरोना संक्रमण भएको छ । यो साता फिनल्याण्ड र स्वीडेन (एक मृत्यु) मा नेपालीमा नयाँ संक्रमण देखिएको एनआरएन, कोडिभ -१९, उच्चस्तरीय समितिका प्रेस संयोजक चिरन शर्माले जानकारी दिनुभयो । रासस

# वैशाख अन्तिम साता नेपाली आकाशमा धूमकेतु (पुच्छ्रेतारा)

काठमाण्डु । यो साता (विसं २०७७ वैशाख अन्तिम साता) नेपालबाट एउटा धूमकेतु (पुच्छ्रेतारा) देखिइरहेको खगोलविद्ले जनाएका छन् । खगोलविद्ले यो धूमकेतुको नाम २०२० स्वान पुच्छ्रेतारा राखेका छन् । यो धूमकेतु नाङ्गो आँखाले पनि देख्न सकिने वाल्मीकि विद्यापीठ ज्योतिष विषयका सहप्राध्यापक एवं वरिष्ठ खगोलविद् जयन्त आचार्यले राससलाई जानकारी दिनुभयो ।

नेपालबाट बिहानको समयमा उत्तरपूर्वी आकाशमा मीन राशिमा पुच्छ्रेतारा देखिने छ । यो पुच्छ्रेतारा वैशाख ३० गते मङ्गलबार पृथ्वीबाट सबैभन्दा नजिक हुनेछ । पूर्वी क्षितिजभन्दा केही माथिमात्र देखिने भएकाले यसलाई हेर्न अलि कठिन हुने उहाँले बताउनुभयो । गत चैतमा पत्ता लागेको यो पुच्छ्रेताराको चमकपन ३.५ म्याग्निच्युड हुने जनाइएको छ ।

क्षितिजबाट यो धूमकेतु १५-२० डिग्रीमाथि सूर्योदय हुनुभन्दा केही समयअघिमात्र देखिने भएकाले हेर्न गाह्रो हुनसक्ने जनाइएको छ । सानो खालको बाइनाकुलर अथवा टेलिस्कोपको सहायताले भने यसलाई स्पष्ट रूपमा देख्न सकिने खगोलविद् आचार्यले बताउनुभयो ।

धूमकेतु देखिँदा विवाह, व्रतबन्ध, राज्याभिषेक, चूडाकर्म, गृहप्रवेश आदि शुभकार्य गर्नुहुँदैन भनी 'मुहूर्त चिन्तामणि' नामक ज्योतिष ग्रन्थमा उल्लेख गरिएको छ ।

यस विषयमा वैज्ञानिकरूपमा हालसम्म कुनै पुष्टि भने नभएको उहाँले बताउनुभयो । यो धूमकेतु उत्तरपूर्वमा देखिने छ । रासस

# कोरोना परीक्षणको लागि स्वाव संकलन

टुडे समाचारदाता

लहान । सिरहामा आइतबारबाट कोरोना भाइरस (कोभिड- १९) परीक्षणका लागि स्वाब संकलन सुरु भएको छ । यहाँका १७ वटै स्थानीय तहकालागि पायक पर्ने गरी ६ ठाउँबाट क्वारेन्टाइनमा रहेकाहरु र विदेशबाट आएकाहरुको स्वाब संकलन गरिएको हो ।



शनिबार र आईतबार स्वाव संकलन कार्यमा रहेको विपद व्यवस्थापन समितिका अध्यक्ष समेत रहेका प्रमुख जिल्ला अधिकारी सरोज गुरागाईंले जानकारी दिए । जम्मा ४ सय जनाको स्वाव संकलन गर्ने योजना अनुसार आज शनिवार २ सय ५० जनाको स्वाव संकलन गरिएको जिल्ला कोरोना भाईरस निगरानी केन्द्रका स्वास्थ्य अधिकृत अन्देश्वर चौधरीले बताए ।

उनका अनुसार लहान ६९, गोलबजारमा ७४, मिर्चैयामा ५७ र अर्नमा गापामा ५० जना गरी २ सय ५० जनाको स्वाव संकलन गरिएको हो । बाँकी ठाउँहरुमा यही टिम पुगेर संकलन गर्ने जनाएको छ ।

लहान, गोलबजार, मिर्चैया, कल्याणपुर, सिरहा नगरपालिका र अर्नमा गाउँपालिकामा स्वाब संकलन सुरु गरिएको प्रमुख जिल्ला अधिकारी गुरागाईंले जानकारी दिए । जिल्लाका १७ वटै स्थानीयहहरुले स्थापना गरेका क्वारेन्टाइन र होम क्वारेन्टाइनमा रहेका ४ सय जनाको स्वाव संकलन गर्ने भएको हो ।

नेपाली सेना, मेडिकल ल्याब एसोसिएसन अफ नेपाल (मेलान) र इडिसिटीबाट आएको प्राविधिक टोलीले स्वाब संकलन सुरु गरेका हुन् ।

पिसिआर प्रविधिबाट परीक्षण गर्न स्थानीय तहमा स्वाब संकलन सुरु गरिएको प्रमुख जिल्ला अधिकारी गुरागाईंले बताए ।

संकलिन गरिएको स्वाबको नमुना परीक्षणका काठमाडौं लगिने प्रजिअ गुरागाईंले जानकारी दिए ।

# खेतमै कुहिन थाल्यो तरबुजा

वीरगञ्ज । सिरहा, महोत्तरी तथा रौतहट जिल्लाका किसानले व्यावसायिकरूपमा खेती गरेका तरबुजा बजारसम्म पुर्‍याउन नसक्दा समस्यामा परेका छन् । कोभिड-१९ को जोखिम हुन नदिन बन्दाबन्दी जारी रहँदा ती जिल्लाका करिब रु पाँच करोड मूल्यबराबरको खरबुजा खेतमै कुहिएको बताइएको छ ।

सिरहा नगरपालिका वडा नं १७ का करिब ५०० भूमिहीन किसानले कमलानदीको बगरमा करिब ५०० व्यावसायिकरूपमा तरकारी तथा तरबुजाखेती गर्दै आएकामा थिए । लकडाउनका कारण बजारसम्म लैजान नसक्दा सो जिल्लामा करिब रु दुई करोडभन्दा बढीको क्षति भएको किसान कारिचरण सदाले जानकारी दिनुभयो ।

उहाँ भन्नुहुन्छ , "ऋण काढेर कमलानदीको बगरमा हरियो तरकारी तथा तरबुजाको खेती गरेका थियौं । बजारसम्म लैजान नसक्दा ऋण पनि थपियो । परिश्रम पनि खेर गयो ।"

बेमौसमी वर्षा र लकडाउन जारी रहँदा उत्पादित तरकारी बजारसम्म लान नसक्दा किसान मेहनत खेर गएको छ । प्रदेश नं २ सरकारले त्यस्ता किसानको पहिचान गरी क्षतिपूर्ति दिनुपर्ने माग गरिएको छ । महोत्तरी जिल्लाको उत्तरी भेग भङ्गाहा, गौशाला, बलुवा, लोहारपट्टिलगायत गाउँका किसानले सयौं बिघामा व्यावसायिकरूपमा लगाएका तरबुजा समेत बजारसम्म पुर्‍याउन नसक्दा समस्यामा परेका बताइएको छ ।

पाकेको तरबुजा बजारसम्म पुर्‍याउन नसक्दा आर्थिक मारमा परेको गौशालाका किसान हजारी साहको गुनासो गर्नुभयो । उहाँले लकडाउन अझै थपिए किसानले उत्पादन गरेको तरबुजा खेतमा सड्ने र परिश्रम र लगानी खेरजाने बताउनुभयो ।

तरबुजा स्वास्थ्यको दृष्टिकोणले ज्यादै फाइदाजनक मानिन्छ । उत्पादित तरबुजा बजारसम्म जान नसकेको अर्का किसान रामकृष्ण यादवको गुनासो छ । यहाँ उत्पादित तरबुजा स्थानीय बजार, काठमाडौं, हेटौंडा, वीरगञ्ज, नारायणगढ, नेपालगञ्ज, गोलबजार सिरहा, धरान, विराटनगरसम्म जाने गर्दथ्यो ।

रौतहट जिल्लामा उत्पादित तरबुजा बजारसम्म पुर्‍याउन नसक्दा क्षति बेहोर्नुपरेको किसानले गुनासो गरेका छन् । यसवर्ष डेढ बिघामा तरबुजाखेती गर्नुभएका स्थानीय जिँगडियास्थित किसान राजाराम साहले भन्नुभयो, "अघिल्लो साल तरबुजा बिक्रीबाट राम्रो आम्दानी गरेको तर यो वर्ष लकडाउनपछि बजारसम्म पुर्‍याउन नसकेका कारण घाटा व्यहोर्नु पर्‍यो । "रासस

# दश दिनपछि सञ्चालनमा आयो भरतपुर कोभिड-१९ प्रयोगशाला

चितवन । कोरोना भाइरसको परीक्षण गर्ने पिसीआर किट अभावसँगै काम रोकिएको भरतपुरको कोभिड-१९ परीक्षण प्रयोगशाला पुनः सञ्चालनमा आएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शनिबार किट उपलब्ध गराएपछि पुनः नियमित परीक्षण शुरू भएको हो ।

कीटको अभावमा विगत १० दिनयता प्रयोगशाला सञ्चालनमा आउन सकेको थिएन । यहाँको नमूना हेटौंडा र काठमाडौं पठाइँदै आएको थियो । अस्पतालका सूचना अधिकारी लीलाधर पौडेलका अनुसार अहिलेको किटले एक हजार ३०० भन्दा बढीको नमूना परीक्षण गर्न सकिने छ ।

एकैपटक यति धेरै किट पठाएको यो पहिलोपटक हो । गत चैत २४ गतेबाट परीक्षण शुरू गरेको प्रयोगशालाका लागि शुरूमा जम्मा ३८४ थान किट पठाएको थियो । त्यसपछि बीचमा १०० थान किट पठाए पनि दुई दिनमै सकिएपछि प्रयोगशाला बन्द भएको थियो । यस प्रयोगशालामा दैनिक ४० जनाको हाराहारीमा पिसीआर परीक्षणका लागि नमूना सङ्कलन हुने गरेको छ । विगतका दिनहरूजस्तै नमूना सङ्कलन भएमा एक महिनालाई किट पुग्ने पौडेलले बताउनुभयो ।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा श्रीराम तिवारीले किट आएसँगै नमूना परीक्षणको समस्या हटेको बताउनुभयो । यो प्रयोगशाला राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालापछिको उत्कृष्ट मानिएको छ ।

*त्यसपछि बीचमा १०० थान किट पठाए पनि दुई दिनमै सकिएपछि प्रयोगशाला बन्द भएको थियो । यस प्रयोगशालामा दैनिक ४० जनाको हाराहारीमा पिसीआर परीक्षणका लागि नमूना सङ्कलन हुने गरेको छ ।*

**जान चाहाने भारतीयलाई घर फर्काइँदै**

भारत घर भइ हाल नेपालमा रहेर भारत जान चाहने भारतीय नागरिकलाई जिल्ला प्रशासन कार्यालय चितवनले घर पठाउने भएको छ । जिल्ला प्रशासन कार्यालयले एक सूचना जारी गरेर चितवन जिल्लाभित्र रहेका घर जान चाहने भारतीयलाई परिचयपत्रसहित नाम टिपाउन आग्रह गरेको छ । भारत जान चाहनेले आफ्नो देशको परिचयपत्रको नम्बरसहित मोबाइल नम्बर, भारतको ठेगाना, हाल चितवनमा बसेको ठेगाना र नेपालको कुन नाकाबाट पार गर्नुपर्ने हो ती सबै विवरण खुलाएर आज दिनको ३ बजेसम्म प्रशासनमा सम्पर्क गर्न अनुरोध गरेको छ ।

भारत फर्कन चाहने व्यक्तिले जिल्ला प्रशासन कार्यालय चितवनको इमेल daochitwan1@gmail.com वा मोबाइल नम्बर ९८५५०१७७७७, ९८५११५९५१४, ९८४१०४३६३४ र ९८४५३३१०३६ मा म्यासेज गर्न सकिने सूचनामा उल्लेख गरेको छ । जिल्लामा भारत घर भएका नागरिकको सङ्ख्या के-कति छ र कति जान चाहन्छन् भन्ने वास्तविक तथ्याङ्क स्थानीय प्रशासनसँग नभएकाले सार्वजनिक आह्वान गरिएको हो ।रासस

# हुरीसहित वर्षाको सम्भावना, सतर्कता अपनाउन अनुरोध

काठमाण्डु । पश्चिमी वायु र स्थानीय वायुको प्रभावका साथै बङ्गालको खाडीबाट आएको जलवाष्पयुक्त हावाको प्रभावले देशभर बदली भइ वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मौसम पूर्वानुमान महाशाखाले आगामी तीन दिनको मौसम पूर्वानुमान बुलेटिन निकालेर केही दिनयतादेखि नेपालमा कायम रहेको पश्चिमी वायु र स्थानीय वायुको प्रभाव अझै सत्रिय अवस्थामै रहेकाले सतर्कता अपनाउन अनुरोध गरेको छ ।

देशको अधिकांश स्थानमा मेघगर्जन, चट्याङ, असिना र हुरीसहित हल्कादेखि मध्यम वर्षा हुनसक्ने भएकाले महाशाखाले सतर्कता अपनाउन अनुरोध गरेको हो । हाल पश्चिमी भूभागहरूमा बदली भइ हावाहुरी, मेघगर्जन, चट्याङसहित केही स्थानमा वर्षा भइरहेको छ ।

दिउँसो पश्चिमी भूभागलगायत मध्य र पूर्वी पहाडी भूभागमा सामान्य बदली रही बाँकी भूभागमा आंशिक भइ पश्चिमी भूभागका केही स्थानका साथै मध्य र पूर्व एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिना र हुरीसहित वर्षाको सम्भावना रहेको छ । सोमबार देशको अधिकांश भूभागमा सामान्य बदली रही देशको पहाडी भूभागका केही स्थान र तराईका एक-दुई स्थानमा मेघगर्जन, चट्याङ, असिना र हुरीसहित वर्षाको सम्भावना रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

मङ्गलबार देशको अधिकांश भूभागमा सामान्य बदली रही देशको केही स्थानमा मेघगर्जन, चट्याङ, असिना र हुरीसहित वर्षाको सम्भावना रहेको औँल्याएको छ ।

मौसम पूर्वानुमान महाशाखाको बपछिल्लो विवरणअनुसार आइतबार काठमाण्डु उपत्यकाको न्यूनतम तापक्रम १७ दशमलव शून्य डिग्री र अधिकतम तापक्रम २७ दशमलव नौ डिग्री सेल्सियस रहेको छ । रासस

# रोकिएन सीमाबाट नेपाल प्रवेश गर्नेक्रम

कपिलवस्तु । भारतसँग सीमा जोडिएको कपिलवस्तुमा कोरोना सङ्क्रमितको संख्या बढेपछि सीमाबाट नेपाल प्रवेश गर्नेक्रम रोकिएको छैन ।

जिल्लाको सीमा क्षेत्रबाट एक हजार तीन सयभन्दा बढी नेपाली भारतबाट स्वदेश फर्किने पर्खाइमा छन् ।

उनीहरु सीमा सुरक्षामा खटिएका सशस्त्र प्रहरीको आँखा छलेर विभिन्न नाकाबाट नेपाल प्रवेश गरिरहेको कपिलवस्तुका प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले बताउनुभयो । उहाँले भन्नुभयो, 'जिल्लामा सबै स्थानीय तह सक्रिय छन् तर सीमापारि आएर बसेका नेपाली नै मुख्य चुनौती भएको छ ।'

मर्यादपुर नाकामा २९०, भिल्मीमा २८६, कृष्णनगरमा २५९, हरदौना २०३, कोटरियामा १७०, चाकरचौडामा ११६, हथिहवामा ४७ र विजयनगरको सीमाबाट ३० नेपाली स्वदेश फर्किने पर्खाइमा रहेको स्थानीय पालिकाले जनाएका छन् । जिल्लामा दश पालिकाले तयार गरेको एक हजार ३६२ क्वारेन्टिनमा ८८१ जना रहेको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत मनोज सैनीले जानकारी दिनुभयो । अहिलेसम्म १ हजार ११० को रयापिड डायग्नोष्टिक टेष्ट भएको छ ।

उच्च जोखिममा भएकाले तीन क्वारेन्टाइन सञ्चालन गरेको मायादेवी गाउँपालिकाले त्यसको संख्या वढाएर १७ पुर्‍याउने निर्णय गरेको उपाध्यक्ष गीता तिवारीले बताउनुभयो । पालिकाको दक्षिण क्षेत्र भारत उत्तर प्रदेशको अलिगढवा पर्छ । साविकको पकडी, फुलिका, अभिराव, डुमरा, विजुवा, पिपरा, हरनामपुर र बलुहवा मिलेर बनेको मायादेवीमा यतिबेला सुरक्षा सतर्कता उच्च बनाइएको छ ।

भारतसँग २८ किलोमिटर सीमा जोडिएको विजयनगर गाउँपालिकामा यतिबेला जंगलको बाटो भएर नेपाल प्रवेश गर्नेहरुलाई रोक्न प्रशासनलाई हम्मेहम्मे परेको छ ।

गाउँपालिकाका अध्यक्ष गोपालबहादुर थापाले भन्नुभयो, 'जंगलबाट फर्किएका ७७ लाई त्रिनेत्र आधारभूत विद्यालयको क्वारेन्टिनमा राखेका छौं ।'

गाउँपालिकाले दूधधारी मावि, हरिबोध प्रावि, रामशरण प्रावि, लौटनराम दौपदी मावि र त्रिनेत्र आधारभूत विद्यालयमा बनाएको क्वारेन्टिनमा अहिलेसम्म १५७ छन् ।

जिल्लाका कृष्णनगर नाकाबाट पनि स्वदेश फर्कने क्रम नरोकिएको कृष्णनगर नगरपालिकाका प्रमुख रजतप्रताप शाहले बताउनुभयो ।

नगरप्रमुख शाहले भन्नुभयो, 'हामी अत्यन्तै तनावमा छौं, जसोतसो गरिरहेका छौं र उताबाट आउनेलाई विद्यालयमा पाल टाँगेर राखेका छौं । रासस


**Province Government**

**Province no.2**

**Ministry of Social Development**

**Provincial Hospital**

**Janakpurdham, Dhanusha**

**Amendment Notice**

**Publication Date: 11stMay, 2020**

This is notified to all Concerned that the Invitation For Bids of this office which was published on Janakpur Today National Daily dated on ***14th April 2020 (2076/01/02)*** for the Contract ID **PH/NCB/076/077/6**, the last date of submission bid extended to date **20th May 2020(2077/02/07) 12:00 PM.** and Bid security is amount **NRs. 95000.00**& Estimated amount is **NRs.3162450.92** .Some item of BoQ is also changed.For more information visit: bolpatra.gov.np/egp of same contract ID.

**Deputy Chief Medical Superintendent**



**Janaki Finance Company Limited**

**जानकी फाइनान्स कम्पनी लिमिटेड**

केन्द्रीय कार्यालयः स्टेशन रोड, जनकपुरधाम-२, धनुषा (नेपाल)

फोन नं : ०४१-५९०५८६/५९०५८७ फ्याक्स : ०४१-५९०५८८

**जानकी फाइनान्स कम्पनी लिमिटेडको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको म्याद थप गरिएको सूचना**

यस वित्तीय संस्थाको मिति २०७६।११।३० मा धितोमा रहेको अचल सम्पत्ति बिक्रीको लागि गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको सूचना प्रकाशित गरी मिति २०७६।१२।१४ सम्ममा शिलबन्दी बोलपत्र पेश गर्ने भनिएकोमा मिति २०७६।१२।११ गते देखि नेपाल सरकारले कोरोना भाइरस (Covid-19) माहामारीको रुपमा फैलिएकोले अत्यावश्यक सेवा बाहेक सम्पूर्ण कार्यालय तथा व्यवसायहरु मिति २०७७।२।५ गते सम्म बन्द गर्ने निर्देशन दिएकोमा सोको मध्यनजर गर्दै शिलबन्दी बोलपत्र पेश गर्ने मिति २०७७।२।२५ गते कार्यालय समय सम्ममा र शिलबन्दी बोलपत्र खोल्ने मिति २०७७।२।२६ गते सोमवारका दिन दिउसो ३:०० बजे तोकिएको व्यहोरा सूचित गरिन्छ ।



"तपाईको स्वास्थ्य, हाम्रो अठोट"

**नेपाल सरकार**

**स्वास्थ्य बीमा बोर्ड**

टेकु, काठमाण्डौ

**स्वास्थ्य बीमा सम्बन्धी जानकारी**

स्वास्थ्य बीमा कार्यक्रम देशका प्रत्येक नागरिकलाई स्वास्थ्य उपचारमा सरल र सहज पहुँच पुर्‍याउने उद्देश्यले ल्याईएको नेपाल सरकारको प्राथमिकता प्राप्त कार्यक्रम हो । यसले हाल स्वास्थ्य उपचारमा अनियन्त्रित रुपमा भइरहेको व्यक्तिगत तथा परिवारिक खर्चलाई घटाउने लक्ष्य लिइएको छ । यो कार्यक्रम योगदान र सामाजिक साझेदारीमा अधारित छ । यस कार्यक्रममा परिवारलाई इकाईको रुपमा लिइएको छ । यो कार्यक्रम आ. व. २०७२/०७३ मा कैलाली जिल्लाबाट सुरु भई चरणवद्ध रुपमा देश भर विस्तार हुँदैछ । साथै आगामी आ.व. २०७७/०७८ भित्र देशका ७७ वटै जिल्लामा पुर्‍याउने लक्ष्य रहेको छ ।

**स्वास्थ्य बीमामा आबद्ध हुने तरिका**

- प्रत्येक वडामा रहेका दर्ता सहयोगी मार्फत यस कार्यक्रममा आबद्ध हुन सकिन्छ ।
- बिमित हुन चाहने परिवारले आफ्नो घरमुली तथा अन्य सदस्यहरुको नागरिकता वा नेपाल सरकारबाट जारी वैधानिक परिचय पत्र अनिवार्य रुपमा देखाई परिवारका सबै सदस्यहरुको आवश्यक फाराम भरि दर्ता सहयोगीले मोबाइलबाट फोटो खिचेर मात्र आबद्ध हुन सकिन्छ ।

**बीमामा आबद्ध हुन लाग्ने योगदान रकम**

- ५ जनासम्मको परिवारलाई वर्षिक रु. ३५००।-
- ५ जना भन्दा बढी सदस्य भएको परिवारमा थप प्रति सदस्यको लागि रु. ७००।-
- ७० वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अति गरिब, अति अशक्त, अपाङ्गता भएका व्यक्ति एवं कुष्ठरोगी, एम.डि.आर. टि.वि. र एच.आइ.भि. संक्रमित बिरामी भएका घर परिवारलाई योगदान रकममा पूर्ण छुटको व्यवस्था छ ।

**बिमीत परिवारले पाउने सुविधाको थैली**

- ५ जनासम्मको परिवारको वार्षिक रु. १,००,०००।- सम्मको स्वास्थ्य उपचार पाइन्छ ।
- ५ जनाभन्दा बढी प्रति थप सदस्य बापत सुविधाको थैलीमा रु.२०,०००।- वृद्धि हुदै जान्छ र परिवार संख्या अनुसार बढीमा रु.२,००,०००।- सम्मको उपचार सुविधा पाइन्छ ।
- जेष्ठ नागरिकले वार्षिक रु.१,००,०००।- सम्मको स्वास्थ्य उपचार सेवा पाउनेछन् ।
- स्वास्थ्य बीमामा सुविधा लिन हरेक वर्ष अनिवार्य रुपमा नविकरण गर्नु पर्दछ ।

**स्वास्थ्य बीमा कार्यक्रमबाट उपलब्ध हुने सेवा सुविधाहरू**

- वहिरङ्ग, अन्तरङ्ग, आकस्मिक तथा अन्य कक्षबाट प्रदान गरिने बीमा बोर्डले तोकेका उपचार सेवाहरु ।

**स्वास्थ्य बीमा लागु भई सकेका जिल्लाहरू**

प्रदेश नं. १ : ईलाम, झापा, सुनसरी, सोलुखुम्बु, भोजपुर, खोटाङ्ग, संखुवासभा, मोरङ्ग, ओखलढुंगा र तेह्रथुम

प्रदेश नं. २ : महोत्तरी, पर्सा, रौतहट, धनुषा र सिराहा

प्रदेश नं. ३ : भक्तपुर, मकवानपुर, चितवन, रामेछाप, सिन्धुली,काभ्रेपलाञ्चोक र धादिङ्ग

गण्डकी प्रदेश : बाग्लुङ्ग, कास्की, म्याग्दी, तनहुँ, गोरखा, स्याङ्गजा र पर्वत

प्रदेश नं. ५ : पाल्पा, बर्दिया, रोल्पा, रुकुम पूर्व, प्यूठान, अर्घाखाँची, कपिलबस्तु, बाँके र गुल्मी

कर्णाली प्रदेश : जाजरकोट, सुर्खेत, रुकुम पश्चिम, जुम्ला, कालीकोट, हुम्ला, डोल्पा, मुगु र दैलेख

सुदुपश्चिम प्रदेश : कैलाली, अछाम, बैतडी, बाजुरा, बझाङ्ग, दार्चुला, कञ्चनपुर, डोटी र डडेलधुरा

**तत्काल लागु हुने जिल्लाहरू**

धनकुटा, सप्तरी, रुपन्देही र नुवाकोट

**थप जानकारीको लागि**

www.hib.gov.np मा लग इन अथवा कार्यालय समयभित्र हट लाइन १६६०-०१-११२२४ मा फोन गर्नुहोस ।

"सबैले समयमै स्वास्थ्य बीमा गरौ, परिवारको स्वास्थ्य उपचारमा ढुक्क होऔं"



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### ब्यापक पीसीआर जाँच गर

प्रदेश १, २ र ५ मा कोरोना संक्रमितको संख्या बढन थालेकोछ ।कोरोना संक्रमितको संख्या बढेको अहिले देखिनुको कारण पीसीआर जाँच हो ।पीसीआर जाँचको क्रम बढेसँगै कोरोना संक्रमितको संख्यापनि बढन थालेकोछ ।कोरोना भाइरस लागेको लक्षण समेत नदेखिने भएकाले पीसीआर परीक्षण बिना त्यसको पत्ता लगाउन समेत कठिन भएकोछ ।पीसीआर मेसिनको संख्यापनि अहिले बढेकोछ ।स्वीस सरकारको सहयोगमा ३० हजार किटपनि प्राप्त भएकोछ ।नेपाली सेनाले मगाएको किटहरु अब चाँडै आइपुग्ने बताइएकोछ ।किटको अभावमा अहिले परीक्षण रोक्नुपर्ने अवस्था छैन् ।कोरोना भाइरसको संक्रमण परीक्षण नभए सम्म रोगीको संख्या यकिन हुन सकेको छैन् ।पीसीआर जाँच भएका स्थानहरुमा संक्रमित रहेको पुष्टिपनि भारी संख्यामा नै हुन थालेकोछ ।तर नेपालमा अहिले सम्म पीसीआर टेस्ट प्रति एक लाखमा ५० जनाको हाराहारीमा छ ।यो अत्यन्त न्युन हो ।देशमा लकडाउन भएको डेढ महिना भन्दा बढी भइसकेकोछ ।तर पीसीआर टेस्टमा अहिले धमाधम संक्रमितहरु फेला पर्न थालेका छन् ।त्यसको प्रमुख कारण के हो भने पीसीआर टेस्टको संख्यात्मक बृद्धि हो ।कोरोना भाइरसलाई नियन्त्रण गर्न संक्रमिको सम्पर्कमा रहेका व्यक्तिहरुले स्वयं अगाडी आएर पीसीआर टेस्ट गराउनुपर्छ ।पीसीआर टेस्ट व्यापक नभए सम्म कोरोना भाइरस संक्रमितहरुको संख्या यकिन हुन सक्दैन् ।संक्रमितको पहिचान नभए सम्म कोरोना भाइरसलाई रोकथाम गर्न सकिदैन् ।परीक्षण अभावकै कारण बीरगञ्जको एकै परिवारका १८ जना, नेपालगञ्जमा एउटै टोलका २० जना संक्रमित फेला परेका हुन् ।पहिले नै जाँच गरिएको भए संक्रमितको पहिचान हुन सक्थ्यो ।त्यसपछि उनलाई उपचारका लागि अस्पतालमा राख्न सकिन्थ्यो ।तर त्यसो नहुँदा समस्या बल्भिन्न थालेकोछ ।एक जना संक्रमितले कयौं मानिसमा संक्रमण सार्ने भएकाले समयमै जाँच भए सार्ने कामलाई नियन्त्रण गर्न सकिन्छ ।संघीय र प्रदेश सरकार दुवै उदासिन छ ।पालिकाहरुले पीसीआर मेसिन राखेन जाँच गराउन सक्दैन् ।प्रदेश सरकारले कोरोना भाइरस संक्रमितहरुका पहिचानका लागि आवश्यक पीसीआर किट, पीसीआर मेसिन खरिद गर्न सक्छ ।तर यसमा सबै भन्दा महत्वपूर्ण भनेको संघीय सरकार नै हो ।संघीय सरकारले अनेक दातृ राष्ट्रहरुसित आवश्यक उपकरणहरु सहयोग माग्न सक्छ ।त्यो गर्न असहज भए खरिदपनि गर्न सक्छ ।चीनबाट ल्याइने समान भरपर्दो नभएकाले अन्य मुलुकहरुबाट ल्याउनु उपयुक्त हुनेछ ।चिनिया उपकरणहरुलाई भारतले समेत प्रयोग गर्न छाडिसकेको छ ।नेपाल सरकारले गुणस्तरीय उपकरणहरु खरिदका लागि राम्रा कम्पनीहरुसित पहल गर्नुपर्छ ।चिनिया उपकरणहरुको परीक्षण भरपर्दो नभएकाले पीसीआर रिर्पोट एकपटक निगेटिव र अर्को पटक पोजेटिव हुन थालेको छ ।हुनत यो परीक्षण गर्नेहरुकोपनि लापर्वाही हुन सक्छ ।समग्रमा कोरोनालाई नियन्त्रण गर्न व्यापक पीसीआर टेस्ट गरिनुपर्छ ।

# कोरोना महामारी : सतर्कता आवश्यक



उपेन्द्र झा

चीनको वुहान शहरबाट जनवरी २०२० को तेस्रो साताबाट आएको कोरोना भाइरस आफ्नो सामर्थ्यको बाबजुद पनि चीनलाई त्राहिमामको अवस्थामा पुर्‍याई दियो । सुक्खायामको आगो जस्तै अनियन्त्रित रूपमा संक्रमण बढाउँदै लाखौंको संख्यामा चिनियाँ नागरिकलाई शिकार बनायो । चीनमा प्रति घन्टा २५० जना कोरोना भाइरसबाट संक्रमित हुँदै जाने घटनाले सारा संसारलाई भयभीत बनायो । विश्व स्वास्थ्य संगठनले यसलाई महामारीको रूपमा घोषणा गर्‍यो ।

हरेक प्रविधि र अत्याधुनिक स्वास्थ्य उपकरण तथा क्षमतावान वैज्ञानिक र डाक्टरबाट समर्थ चीन कोरोनाको तीव्रता र संक्रमण र कोरोना भाइरस प्रभावित व्यक्तिको मृत्युको तेज गतिले केही दिनका लागि असमर्थ बनायो । यो महामारीको रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धित कार्य सम्पूर्ण एक साथ गर्नु पर्दा चीन केही समय लागे पनि अहिले विश्वका लागि सबक बनेको छ । २३ जनवरीमा सामाजिक पृथकीकरण (क्यअर्ष्बा मष्कतबलअभ) गर्न चिनियाँ सरकारले कडाइका साथ यो कानून ल्यायो । सबैलाई आफ्नै घरमा रहन बाध्य बनाएपछि कोरोनाको संक्रमण दर घट्न थाल्यो । अकस्मात् नवीन किसिमको भाइरसको सामना गर्दा अध्ययन, अनुसन्धान र उपचारमा समय लागेपनि धेरै कम समयमा (१ महिना) चीनले बडो कुशलतापूर्वक नोवेल कोरोना भाइरस (ऋयखष्म(ज्ञढ) माथि नियन्त्रण कायम गर्‍यो । यस दरम्यान ३२०० चिनियाँ नागरिक मृत्युका शिकार भए ।

चीन बल्ल अहिले चैनको साँस फेरेको छ । २३ जनवरीबाट सुरू गरेको लकडाउन २५ मार्चमा हटाएको छ । कोरोना संक्रमण शून्यमा झार्दा चीनले जहाँ राहतको साँस फेर्‍यो । इटली, फ्रान्स, स्पेन, अमेरिका, ब्रिटेन, भारत लगायत संसारको २०५ देशमध्ये १९६ देश कोरोना भाइरसबाट त्रस्त हुन पुगेको छ । अहिले इटली, स्पेन, इरान, फ्रान्स, ब्रिटेन, जर्मनी, अमेरिका, भारत देशहरूमा संक्रमण तीव्र रूपमा बढेको छ । इटली, स्पेन, इरान, अमेरिकाले आफ्नो हजारौं नागरिक कोरोनाको प्रकोपमा गुमाइसकेका छन् । चीनको सबक सिक्न नसकेको इटली, इरान, स्पेनमा मानव क्षति बढी भएको छ । इटलीले त हजारौं नागरिक गुमाउँदा पनि कोरोना संक्रमणलाई नियन्त्रण गर्न सकेको छैन ।

कोरोनामाथि नियन्त्रण पाउन चीनले अपनाएको विधि, प्रविधि नै संसारको लागि उपयुक्त रहेको सबैले स्वीकारेका छन् र सबै देश यही प्रयोग गर्दै छन् । चीनले पहिले संक्रमण रोक्न सामाजिक पृथकीकरण (क्यअर्ष्बा मष्कतबलअष्लन) विधि अपनायो । दोस्रो संक्रमितहरूलाई आइसोलेशन विभागमा (पृथक विभाग) राखेर उपचार गर्न थाल्यो । कोरोना संक्रमित व्यक्तिहरू उपचारबाट निको हुन थाल्यो । तेस्रो मास्क लगाउने, साबुन पानीले हात धुने, मुख, नाक, आँखालाई हातले नछुने, आफूले प्रयोग गर्ने पोशाकहरू दिनदिनै सफा गर्ने, आफ्नो वरिपरि सरसफाई राख्ने, धाममा बस्ने, स्वच्छ खानपान गर्ने, शाकाहारी भोजन ग्रहण गर्ने आदि निर्देशनबाट चीनले आफ्नो नागरिकलाई अनुशासित बनायो । नागरिकको सहयोग पाएर चीनले कोरोनाको महामारीबाट बच्यो ।

*स्वास्थ्य क्षेत्रमा अत्याधुनिक प्रविधि र उपकरणबाट सम्पन्न सामर्थ्यवान देशहरूलाई कोरोनाले तबाही मचाएको अवस्थामा नेपाल जस्तो अल्प विकसित मुलुकमा यो प्रकोप प्रवेश गर्‍यो भने के होला ? अहिलेसम्म कोरोनाको प्रवेश हुन नसकेकोमा खुशी मनाउनभन्दा सतर्कता अपनाउन जरूरी देखिन्छ । संसार अहिले कोरोनाबाट बच्न लकडाउनको विधि अपनाएको छ । नेपालले पनि बचाउमा पूरै देशमा लकडाउन गरेको छ । तर, लकडाउन अनिश्चितकालीन हुन सक्ने सूत्रले जनाएको छ ।*

विश्वमा अहिले लाखौंको संख्यामा कोरोना संक्रमित व्यक्तिहरू छन् । यसमा उपचारबाट निको भएको पनि लाखौं छन् । अर्थात् यस महामारीलाई नियन्त्रणमा लिन २५द्ध सफलता हासिल भएको छ । तर संक्रमण दरमा वृद्धि भएन भने यो सफलताको अर्थ हुन्छ । चीनले ३२०० मानव क्षति बेहोरेर कोरोनामाथि नियन्त्रण पायो तर इटलीले हजारौं नागरिक गुमाए पनि महामारीलाई नियन्त्रणमा लिन सकेको छैन ।

हाम्रो छिमेकी देश भारतमा कोरोना संक्रमित रोगीहरूको संख्या दश हजारभन्दा बढी पुगेको छ । चार सयभन्दा बढीको मृत्यु भइसकेको छभने पाँच सयभन्दा बढी निको पनि भएका छन् । नेपालसँग खुल्ला सिमाना जोडिएको भारतमा पनि कोरोना भाइरसको पदार्पण भइसकेको छ । चीनमा कोरोनाले मचाएको विनाशलीलालाई भारतीय प्रधानमन्त्रीले राम्ररी हेरिसकेकोले उनले २२ मार्चमा एक सप्ताहका लागि घरमा बस्न आफ्ना नागरिकलाई बस्न आग्रह गरेको थियो । केही हदसम्म प्रधानमन्त्रीको आग्रह सफल रहेपनि बाहिर निस्किने क्रम रोकिएन । २५ मार्चदेखि सम्पूर्ण देशलाई लकडाउनमा राख्न १४ अप्रिलसम्म २१ दिनको समय सीमा राखेर घोषणा गर्‍यो । अहिले भारत २१ दिनका लागि बिलकुल लक भएको छ । कोरोनाले भारतमा आफ्नो उपस्थिति जनाएपछि यसको प्रवल वेगलाई रोक्न चीन जस्तै भारतले पनि सामाजिक पृथकीकरणको विधि अपनाएको छ ।

चीन र भारतको बीचमा रहेको नेपाल कोरोना भाइरसको उच्च जोखिममा छ । २०२० लाई पर्यटन वर्ष घोषित गरेको नेपाल वर्षको सुरूवातमा नै कोरोनाको प्रकोप भोग्नुपर्‍यो । विश्वभरि कोरोनाको आतंक फैलिइरहेको अवस्थामा पर्यटन वर्ष २०२० को औचित्य त्यसै निस्तेज भएको छ । विश्वका पर्यटकहरूको गन्तव्य स्थल रहेको नेपालमा कोरोना संक्रमण नरहे पनि यो आँधी जतिबेला पनि नेपाललाई आफ्नो चपेटामा लिने प्रबल सम्भावना रहेको छ । स्वास्थ्य क्षेत्रमा अत्याधुनिक प्रविधि र उपकरणबाट सम्पन्न सामर्थ्यवान देशहरूलाई कोरोनाले तबाही मचाएको अवस्थामा नेपाल जस्तो अल्प विकसित मुलुकमा यो प्रकोप प्रवेश गर्‍यो भने के होला ? अहिलेसम्म कोरोनाको प्रवेश हुन नसकेकोमा खुशी मनाउनभन्दा सतर्कता अपनाउन जरूरी देखिन्छ । संसार अहिले कोरोनाबाट बच्न लकडाउनको विधि अपनाएको छ । नेपालले पनि बचाउमा पूरै देशमा लकडाउन गरेको छ । तर, लकडाउन अनिश्चितकालीन हुन सक्ने सूत्रले जनाएको छ ।

नेपालमा ग्रामीण क्षेत्रमा अहिले पनि प्राथमिक जाँचको व्यवस्था हुन सकेको छैन । हुन त सीमानाका, हवाईसेवा, यातायात सेवा ठप्प भएको अवस्था, स्कूल, कलेज तथा मानिस जम्मा हुने सबै स्थल बन्द भएको अवस्थामा यसको प्रवेश निषेध रहने कुरा सत्य हो तर पनि मानिसमा विश्वको दृश्यले त्रास फैलाएको छ । अहिलेसम्म नेपालमा कोरोना नआउनुप्रति पनि बुद्धिजीवीले शंका गर्न थालेको छ । तर यसमा कुनै सत्यता छैन । कोरोना आगोको लप्का जस्तै बस्तीका बस्ती सखाप पार्ने क्षमता राख्दछ । यसलाई कसैले लुकाएर लुक्दैन ।

कोरोनासँग लड्न नेपाल सरकार पर्याप्त छैन । नागरिकको सहयोग उत्तिकै आवश्यक छ । चीन र भारतले पनि उपचार सामग्रीबाट सहयोग गर्ने वचन दिएको छ । केही दिन हामी घरमा बसेर सरकारलाई सहयोग गरौं र नआएको कोरोना भाइरसलाई नेपाल छिर्न नदिउँ । नेपालमाथि पशुपतिनाथको कृपा रहेको यस बेला सत्यापन भएको छ । *(मधेश दर्पण फिचर सेवा)*

# मिथ्या सूचना फैलाउने सातथरीका मानिस

**मारिआना स्प्रिङ/बीबीसी**

सामाजिक सञ्जालमा कोरोनाभाइरससम्बन्धी 'कन्स्पिरसी थीअरी' अर्थात् आधारहीन आशङ्काका कुरा, मिथ्या सूचना र विभिन्न अनुमानको बाढी नै छ। तर यस्ता हल्ला कसले सुरु गर्छ र कसले तिनलाई फैलाउँछ? बीबीसीले महामारीको समयमा हजारौं त्यस्ता मिथ्या सूचनाहरूबारे अध्ययन गरेको छ। यसले हामीलाई मिथ्या सूचनाको पृष्ठभूमिमा को हुन्छ र के कुराले उनीहरूलाई यस्तो सूचना फैलाउन उत्प्रेरित गर्छ भन्ने विषयमा केही जानकारी दिएको छ।मिथ्या सूचना सुरु गर्ने र फैलाउने सातथरीका मानिसहरू यस्ता रहेछन् ।

**ठट्टा गर्ने मानिस**

यूकेमा सरकारले वेम्ब्ली रङ्गशालामा लन्डनका बासिन्दालाई खुवाउन खानेकुरा पकाउने बारेको ह्वाट्सएपमा फैलिएको सूचना धेरैले पत्याएनन् होला। तर केहीले यसमा रहेको व्यङ्ग्य बुझेनन् । अर्को उदाहरण - एक जनाले नक्कली सरकारी एसएमएसको 'स्क्रीनशट' बनाए जसमा लकडाउनको बेला धेरै पटक घरबाहिर निस्केकोमा जरिवाना गरिएको बताइएको थियो ।

यो बनाउने व्यक्तिलाई लकडाउन भङ्ग नगर्न यसरी तर्साउनु रमाइलो हुन्छ भन्ने लागेको थियो। इन्स्टाग्राममा हालेपछि त्यो तस्बिर स्थानीय फेसबुक समूहमा पुग्यो जहाँ धेरैले यसलाई पत्याए ।

"मैले आतङ्क सिर्जना गर्न चाहेको होइन," नाम नबताउने शर्तमा ती व्यक्तिले भने। "तर कसैले त्यो तस्बिरलाई पत्याउँछ भने उसले इन्टरनेटमा आएका सूचनाहरूलाई ग्रहण गर्ने तरिकालाई परिवर्तन गर्नुपर्छ । "

कसैले भने यो बेला सरकारी वा स्थानीय निकायका नक्कली सूचना बनाएर महामारीको बेलामा पैसा कमाउन खोजेका छन्।यस्तै एउटा 'फुलफ्याक्ट' नामक तथ्यजाँच संस्थाले भेट्टाएको सूचनामा सरकारले नागरिकलाई पैसा बाँड्ने भन्दै ब्याङ्क खाताको सूचना मागिएको थियो।यससम्बन्धी तस्बिरहरू फेसबुकमा थिए, तर एसएमएसबाट सुरु भएको कारण संलग्न व्यक्ति पत्ता लगाउन सहज छैन। त्यस्तै यूकेमा फेब्रुअरीमै अरू केहीले कोरोनाभाइरस उपचारबारे बुझ्न वा यसका कारण कर फिर्ता हुन्छ कि हुँदैन भन्ने बुझ्ने लिङ्क भन्दै इमेलमा नक्कली लिङ्कहरू पठाएका थिए ।

**नेता**

मिथ्या सूचना इन्टरनेटको अँध्यारो कुनाबाट मात्रै आउँदैन।गत साता अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले कोरोनाभाइरस सङ्क्रमितको शरीरमा पराबैजनी प्रकाश देखाएर वा शरीरमा निस्सङ्क्रमण गर्ने रसायनको सुई दिएर उपचार गर्न सकिन्छ कि भन्ने प्रश्न गरे। त्यो उनको अनुमान थियो, तर उनले तथ्यलाई असान्दर्भिक रूपमा प्रयोग गरेका थिए।उनले पछि त्यो कुरा व्यङ्ग्यात्मक भएको बताए, तर यसले मानिसहरूलाई स्वास्थ्य अधिकारीहरूले यस्तो गर्न हुन्छ कि हुँदैन भनेर सोध्न रोकेन।अमेरिकी राष्ट्रपतिले मात्रै होइन चिनियाँ परराष्ट्र मन्त्रालयका प्रवक्ताले अमेरिकी सेनाले वुहान शहरमा कोरोनाभाइरस फैलाएको दाबी गरे। रुसको टीभीमा षड्यन्त्रका यस्ता आशङ्काबारे छलफल भएको छ।

**षड्यन्त्र सिद्धान्तकार**

कोरोनाभाइरसबारे विद्यमान अन्योल षड्यन्त्रको आशङ्का र चर्चा गर्ने राम्रो जग बनेको छ।फेसबुकमा भाइरल भइरहेको एउटा त्यस्तै मिथ्या सूचनामा यूकेमा खोपको पहिलो परीक्षण गरिएको महिलाको मृत्यु भएको दाबी गरिएको छ।यूट्यूबबाट हटाइएको एउटा भिडिओमा फाइभजी को सम्बन्ध कोरोनाभाइरससँग भएको दाबी गरिएको थियो।

**जानकार'स्रोत'**

कुनै बेला मिथ्या सूचना विश्वसनीय स्रोतबाटै फैलाइएको देखिन्छ। चिकित्सक वा प्राध्यापक वा अस्पतालका कर्मचारी वा पत्रकारबाटै यस्ता सूचना फैलिन्छन्।तर प्रायः त्यस्तो दाबी गर्ने तथाकथित जानकारहरूमा विषयवस्तुको विशेषज्ञता हुँदैन।यूकेमा एक महिलाले आतङ्कित स्वरमा कोरोनाभाइरसबाट युवा र स्वस्थ मानिसको मृत्यु भएको बताएको भाइरल सूचना त्यस्तै थियो। उनले त्यो कुरा एम्बुलेन्समा काम गर्ने भएकाले थाहा पाएको बताएकी थिइन्।उनलाई बीबीसीले आफ्नो कामको प्रमाण माग्दा दिन सकिनन्। त्यसैले उनी स्वास्थ्यकर्मी भएको पुष्टि हुन सक्दैन। तर उनले भनेका कुराहरू गलत थिए।

**नातेदार**

कहिलेकाहीँ हामीलाई प्राप्त मिथ्या सूचनाहरू यति चिन्ताजनक हुन्छन् कि हामी ती सूचना साथीभाइ र परिवारलाई पठाउँछौं।यूकेमा ड्यानीएल बेकरले फेसबुकमा आएको त्यस्तै सूचना आफ्ना नातेदारहरूलाई पठाइन्।"सुरुमा मैले नचिनेको महिलाले पठाएको भएर मलाई अलि विश्वास लागेको थिएन, तर मैले यसलाई मेराजस्तै साना बच्चा भएको बहिनीलाई पठाएँ किनभने त्यो सत्य भए त सावधान हुनुपर्छ भन्ने लाग्यो।"उनीहरू इष्टमित्र सुरक्षित रहून् भन्ने चाहन्छन्, तर त्यसले उनीहरूले पठाउने सूचना सत्य हुँदैन।

**चर्चित व्यक्ति**

नातागोताका मानिसले मात्रै होइन चर्चित व्यक्तिहरूले पनि मिथ्या सूचनाहरू भाइरल बनाउन सहयोग गरिरहेका हुन्छन्। चर्चित गायक वा कलाकारहरूले संसारभरि मिथ्या सूचनाहरू सामाजिक सञ्जालमा लाखौं प्रशंसकसम्म पुर्‍याइरहेका छन्।रोएटर्स इन्स्टिट्यूटको एउटा अध्ययनमा मिथ्या सूचना भाइरल बनाउन चर्चित व्यक्तिहरूको मुख्य भूमिका रहेका निष्कर्ष निकालिएको थियो।उनीहरूको भनाइ कतिपय अवस्थामा सञ्चारमाध्यममा पनि पुग्छन् र झन् भाइरल हुन्छ ।

# कोरोना युद्धमा होमिएका स्वास्थ्यकर्मीलाई सलाम !



कृष्ण सापकोटा

कोरोना महामारीका बेला मान्छे एक-अर्कालाई छुन पनि डराइरहेका छन्। तर आफ्नो जीउ-ज्यानको बाजी थापेर कोरोनाका बिरामीहरुलाई मृत्युको मुखबाट बचाउन लागिरहेका डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मीको कर्मलाई देख्दा भित्रैदेखि प्रशंसा गर्न मन लाग्छ।

विश्वव्यापी महामारीमा अस्पताल पुगेर अग्र-मोर्चामा रहेर बिरामीको उपचारमा खटिने स्वास्थ्यकर्मीको उत्साह देख्दा यो पीडाको समयमा पनि घरिघरि मन खुसीले गद्गद् हुन्छ। अनि स्वास्थ्यकर्मीले कोरोना युद्धमा सतप्रतिशत जित हात पार्ने आशा जागेर आउँछ।

अग्रपंतिमा रहेर खट्ने ती स्वास्थ्यकर्मीहरुलाई आज जनमानसले करुणा र समर्पणका प्रतिमूर्ति ठानेका छन्।

बिरामीको सेवामा नै आफ्नो जीवन सार्थक भएको देख्ने ती स्वास्थ्यकर्मीप्रति जनमानसले मनैदेखि उच्च सम्मान टक्र्याएका छन्।

अकस्मात दसा बनेर आएको यो महामारीमा कहाँबाट कसरी उपचार सुरु गर्ने भन्ने अन्योलमा चिकित्सकहरुले कत्ति पनि अन्योल देखेनन्। रोगका लक्षण बिरामी अनुसार फरक-फरक देखिएका थिए। अथवा कुनै संक्रमितलाई लक्षण नै नदेखिएको स्थिति पनि थियो। खोप र औषधि नबनेको यो समयमा बिरामीलाई कुन औषधि चलाउने वा नचलाउने भन्ने दोधारमा चिकित्सकहरु अलिकति पनि अल्भिएनन्।

कोभिड-१९ रोगसँग लड्न जोकोही चिकित्सकहरुलाई बनिबनाउ बाटो, मार्गचित्र वा अनुभव पटक्कै थिएन। हतार-हतारमा उपचार पद्धति स्वयं चिकित्सकहरुले आफैं पत्ता लगाउनुपर्ने अवस्था थियो। तर पनि उपचार विधिमा आफैं नयाँ बाटो पत्ता लगाएर कोरोनाको बिरामी निको पार्न आज उनीहरु सफल भएका छन्।

अस्पतालमा बिरामीको आगमन ह्वात्तै बाक्लिँदा स्वास्थ्यकर्मीहरुलाई स्थिति सम्हाल्न सहज पक्कै छैन।

चापेको बिरामीलाई आइसियुमा अक्सिजन तथा भेन्टिलेटर समेत प्रयोग गरेर भए पनि नाजुक स्थितिबाट सामान्य स्थितिमा फर्काउन हम्मेहम्मे परेको छ। त्यो जीवन-मरणको छटपटाहटको पीडाको प्रत्यक्ष साक्षी स्वास्थ्यकर्मी नै बन्नुपरेको छ। बिरामीले युद्ध हारेर कथंकदाचित् प्राण त्याग गरेमा लासलाई सम्हाल्ने नजिकमा अरु कोही छैन। आफन्तले भेट्न र लास छुन पाउँदैनन्। यस्तो कारुणिक अवस्थाको स्वयं प्रत्यक्षदर्शी स्वास्थ्यकर्मी नै बन्नुपरेको छ।

*त्यो जीवन–मरणको छटपटाहटको पीडाको प्रत्यक्ष साक्षी स्वास्थ्यकर्मी नै बन्नुपरेको छ । बिरामीले युद्ध हारेर कथंकदाचित् प्राण त्याग गरेमा लासलाई सम्हाल्ने नजिकमा अरु कोही छैन । आफन्तले भेट्न र लास छुन पाउँदैनन् । यस्तो कारुणिक अवस्थाको स्वयं प्रत्यक्षदर्शी स्वास्थ्यकर्मी नै बन्नुपरेको छ । स्वास्थ्यकर्मीहरुसँग आफ्नो परिवार छ, मन छ, भावना छ र कर्तव्यप्रतिको उच्च निष्ठा पनि छ । आज उनीहरु यो मन, परिवार, आफ्ना भावना सबै दबाएर मानव सेवाको कर्तव्यप्रति भोकभोकै दिनरात खटेका छन् ।*

स्वास्थ्यकर्मीहरुसँग आफ्नो परिवार छ, मन छ, भावना छ र कर्तव्यप्रतिको उच्च निष्ठा पनि छ। आज उनीहरु यो मन, परिवार, आफ्ना भावना सबै दबाएर मानव सेवाको कर्तव्यप्रति भोकभोकै दिनरात खटेका छन्।

एउटा दूधे-बालक घरमा छोडेर आफ्नो ड्युटीमा खटेको महिला-स्वास्थ्यकर्मी र ९० वर्षको आमालाई घरमा भोकै राखेर अस्पतालमा खटेको अर्को स्वास्थ्यकर्मीको निस्वार्थ सेवाभाव देख्दा यो मन त्यसै स्तब्ध हुन्छ। उनीहरुप्रति उच्च सम्मान जागेर आउँछ।

अर्कोतर्फ, विश्वभर प्रत्यक्ष सेवामा खटिरहेका हजारौं स्वास्थ्यकर्मी संक्रमित भएका छन्। कैयनको मृत्यु भएको समाचार पनि आएको छ। स्वास्थ्यकर्मीका परिवार र आफन्तको मनमा संक्रमण सर्ने डरले पिरोलिइरहेको अवस्था पनि छ। तर परिवार र आफन्तलाई कन्भिन्स गराएर उनीहरु मानव सेवामा अझै उच्च मनोबलका साथ लागिरहेको हामी देखिरहेका छौं।

हिजोसम्म सँगै खटेको सहकर्मीलाई संक्रमण भएर त्यही अस्पतालको शय्यामा कोरोनासँग लड्दै लम्पसार परेको क्षणले पनि उनीहरुको मन नरमाइलो पक्कै बनाउँछ। अझै सहकर्मीले आँखै अगाडि अकालमा मर्नुपर्दा हृदय झनै बिक्षिप्त हुन्छ। यस्ता विपत्का वास्तविक नमिठा घटनाहरुले स्वास्थ्यकर्मीको जीवनमा तितो अनुभव भएको छ। भलै बिरामी निको भएर खुसीले घर फर्किँदाको पलले भने स्वास्थ्यकर्मीको सम्पूर्ण दुःखलाई बिर्साएको छ।

बेलायती प्रधानमन्त्री बोरिस जोनसन कोरोना भाइरसको आक्रमणले बिचलित भएर भर्खरै तंग्रिँदैछन्। उनी आफ्नो स्वास्थ्य अवस्था खराब दिशातिर गइरहेको समय डाक्टरले बचाउन गरेका प्रयास र स्याहारको भित्री कुरा सम्झिँदा बेला-बेला भावुक पनि हुन्छन्। यो आपतमा स्वास्थ्यकर्मीहरुले देखाएको यो सह्राहनीय कामको जति प्रशंसा गरे पनि पुग्दैन।

स्वास्थ्यकर्मीको काँधमा सिंगो मानवको जीवन छ। विश्वभरि नै सेवानिवृत्त र अरु इच्छुक स्वास्थ्यकर्मीहरुलाई यो परोपकारी सेवाको काममा फर्किन अपिल भएको छ। धेरैले यो सेवाको काम अरुको जिन्दगी र खुसीसँग प्रत्यक्ष गाँसिएको भन्दै स्वागत जनाउँदै आफ्नो ज्ञान र सिप बोकेर उच्च मनोबलका साथ काममा होमिएका छन्।

चिकित्सा पेसामा कौसलता प्रदर्शन गरेर प्रत्येक बिरामीको मृत्युलाई हराउनु जुनसुकै डाक्टरको लागि चुनौतीको विषय छँदैछ। आजसम्म कहीँबाट चिकित्सा क्षेत्रलाई नराम्रो टिप्पणी गरिएको छैन। यो महामारीबाट चिकित्सा क्षेत्र त्यस्ता तुच्छ टिप्पणीको भागिदार बन्न पनि नपरोस्। महामारीमा राम्रो गर्न सकेनन् भनेर स्वास्थ्यकर्मीले अलिकति पनि मूल्य चुकाउन नपरोस्। कोरोना भाइरसको उपचारमा सही औषधिको तारतम्य मिलाउन प्रत्येक चिकित्सक सफल रहून्।

मध्यरातको सुनसान समयमा खचाखच भरिएको अस्पतालको शय्याबाट बिरामीको रोदन सुनेर स्वास्थ्यकर्मीको मन कत्ति पनि बिचलित नहोस्। यो संसार जित्ने अभियानको लडाईंमा स्वास्थ्यकर्मीको उत्साह र समर्पणको विजय अवश्य हुनेछ।

कोरोना भाइरस स्वास्थ्यकर्मीहरुको हातबाट छिट्टै परास्त भएर जाने निश्चित छ। उनीहरुको अदम्य साहस झनै बढ्दै जाओस्। जिम्मेवारी र दायित्वबोधमा सफलता सयमा सय मिलोस्। उनीहरुप्रतिको सम्मान अझै उँचो भएर आओस्। यही छ हाम्रो कामना!

*(सौजन्य :स्वास्थ्य खबर)*

# छिमेकीको संवेदनशीलतामाथि प्रश्न उठ्ने काम नगर्न आग्रह

काठमाण्डु । भारतले नेपाली भूमि लिपुलेक सम्पर्क सडकबाट जोडेकाप्रति सरकारले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

प्रतिनिधिसभाको आजको बैठकमा सार्वजनिक महत्वको विषयमा सरकारको धारणा प्रस्तुत गर्दै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले परराष्ट्र सचिवस्तरीय संयन्त्रबाट सीमा विवाद अन्त्य गर्न पहल गरिरहेको सन्दर्भमा भारतले नेपाली भूमिमा सडक निर्माण गरेकामा देशभक्त नेपालीमा गम्भीर चिन्ता र चासो प्रकट भएको बताउनुभयो ।

भारतले आफ्नो राजनीतिक नक्सा सार्वजनिक गरेपछि नेपालले लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको क्षेत्र नेपालको हो भनेर हाम्रो मान्यता पुष्टि गर्दै लगेको जानकारी दिँदै उहाँले भारतको ध्यानाकर्षण गराउन सरकारले पटकपटक 'डिप्लोम्याटिक नोट' पठाएको सदनलाई जानकारी गराउनुभयो ।

नेपालले सीमा विवादको कूटनीतिक समाधान चाहेको उल्लेख गर्दै मन्त्री ज्ञवालीले छिकेकीका संवेदनशीलतामाथि प्रश्न उठ्ने काम नगर्न पनि भारतसँग आग्रह गर्नुभयो ।"नेपालको वर्तमान सीमा सुगौली सन्धिबाट निर्दिष्ट भएको छ भन्ने नेपालको धारणा रहेको छ । सुगौली सन्धिले नेपालको सीमा निर्धारण गरेको हो । त्यसपछि अर्को कुनै सीमा सन्धि भएको छैन", उहाँले भन्नुभयो, "नेपाल त्यही सुगौली सन्धि, नक्सा, ऐतिहासिक तथ्य, प्रमाण तथा नेपाली जनताले भोगचलन गरेको आधारमा यो समस्याको समाधान गर्नुपर्छ भन्ने मान्यता राख्छ ।"

उहाँले सीमा विवाद समाधान गर्न सबै खाले कूटनीतिक प्रयासलाई अघि बढाउने र नेपाली जनताको भावनाअनुसार राष्ट्रिय हित संरक्षणका लागि दृढतापूर्वक लड्ने विश्वास पनि दिलाउनुभयो ।

सीमा अतिक्रमणका सम्बन्धमा नेपालका सबै राजनीतिक दलको चासोले सरकारलाई दृढताका साथ उभिन दरिलो साथ प्राप्त भएको उहाँले बताउनुभयो ।मन्त्री ज्ञवालीले भारतले सडक उद्घाटन गरेको खबर सार्वजनिक भएलगत्तै सरकारले शनिबार नै आफ्नो दृष्टिकोण सार्वजनिक गरिसकेको सदनलाई जानकारी दिनुभयो । सरकारले हिजो सार्वजनिक गरेको धारणालाई मन्त्री ज्ञवालीले सदनलाई पढेर सुनाउनुभएको थियो । सरकार शनिबार धारणा सार्वजनिक गर्दै नेपाली भूमि लिपुलेक सम्पर्क सडकबाट जोडिएको र त्यसको शुक्रबार भारतले उद्घाटन गरेको सार्वजनिक जानकारीमा आउनुलाई खेदपूर्ण भनेको थियो ।

सन् १८१६ को सुगौली सन्धिअनुसार नेपालको कालीनदीपूर्वको लिम्पियाधुरा, कालापानी-लिपुलेकसहितको भूभागका साथै कालीनदीपूर्वको क्षेत्र नेपालको भएको निरन्तर मान्दै आएको र त्यस सम्बन्धमा भारतलाई पटकपटक अवगत गराइको बताउँदै सरकारले पछिल्लोपटक कूटनीतिक नोटमार्फत २०१९ नोभेम्बर २० मा राजनीतिको नक्सा प्रकाशन गरेकामा असहमति जनाइएको स्मरण गराएको थियो ।

भारतको पछिल्लो एकतर्फी कदम ऐतिहासिक सन्धि, सम्झौता, दस्तावेज, तथ्य प्रमाण र नक्साका आधारमा मित्रवत् द्विपक्षीय सम्बन्धको भावनाविपरीत मात्र नभइ सीमासम्बन्धी सबै विवाद वार्ताका माध्यमबाट निरुपण गर्ने दुई देशका प्रधानमन्त्रीस्तरमा भएको समझदारीविरुद्ध भएको जनाइएको थियो । रासस

# कूटनीतिक माध्यमबाट सीमा समस्याको समाधान खोज्न आग्रह

काठमाण्डु । सांसदहरूले नेपाली भूमिमा भारतले अनधिकृतरुपले सडक निर्माण गरेको विषयमा सरकारले कूटनीतिक माध्यमबाट तत्काल समस्या समाधानका लागि पहल गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले सन् १८१६ मा भएको सुगौली सन्धि र त्यसपछिका केही पूरक सन्धिले कायम गरेको नेपालको भूभाग र सार्वभौमसत्ताको रक्षाका लागि सरकारले तत्काल प्रभावकारी कदम चाल्न र राष्ट्रिय एकता कायम गरेर भारतसँग स्पष्टरूपमा आफ्ना धारणा राख्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद गणेशसिंह ठगुन्नाले लिपिम्याधुरा, लिपुलेक सीमामा सम्बन्धमा नेपाल सरकारले लिएको अडान प्रशंसायोग्य रहेको भन्दै लिम्पियाधुरामा ३९७ वर्ग किलोमिटर भूभाग अझै भारतको नियन्त्रणमा रहेको बताउनुभयो ।

सांसद दिलेन्द्रप्रसाद बडूले लामो समयदेखि सो क्षेत्रमा भारतले सडक निर्माण गर्न थालेको आफूले पटक-पटक भन्दै आएको र कालापानी तथा लिपुलेकमा बाटो पुऱ्याउँदैछ भन्ने विषयमा सरकारलाई सूचना थियो कि थिएन भनी प्रश्न गर्नुभयो ।

सांसद महन्थ ठाकुरले भारतसँग पटक-पटक सीमा विवाद हुँदै आइरहेको उल्लेख गर्दै लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रमा देखिएको विवाद समाधान गर्न कूटनीतिक पहल गर्न आग्रह गर्नुभयो ।

सांसद सरिता गिरीले लिपुलेकको बारेमा कूटनीतिक माध्यमबाट समस्याको समाधान गर्नुपर्नेमा जोड दिँदै सीमा समस्या किन समाधान हुन सकिरहेको छैन भनी प्रश्न गर्नुभयो । "भारतलाई त 'कूटनीतिक नोट' पठाएको छ, तर चीनलाई पठाइएको छ कि छैन", उहाँले प्रश्न गर्दै भन्नुभयो, "दुवै देशसँग कूटनीतिक तबरबाट समस्याको समाधान खोजिनुपर्छ ।" सांसद दुर्गा पौडेलले नेपालको कूटनीतिक पहललाई भारतले अटेरी गरेको भन्दै सीमा विवादलाई अन्तर्राष्ट्रियकरण गरिनुपर्ने बताउनुभयो ।

सांसद प्रेम सुवालले भारतको हेपाहा प्रवृत्ति बढ्दै गएको भन्दै यसले दक्षिण एसियाका कतिपय मुलुक प्रभावित भएको बताउनुभयो । सांसद राजेन्द्रप्रसाद लिङ्देनले कूटनीतिक नोटमात्र दिएर सीमा विवाद अन्त्य नहुने भन्दै भारतसँग उच्चस्तरमा संवाद गर्न सुझाव दिनुभयो ।

सांसद भीमबहादुर रावलले नेपाली भूमिमा भारतले सडक निर्माण गरेकामा नेपाली जनताका तर्फबाट निन्दा गर्दै तत्काल नेपालको भूमि समेटेर नक्सा प्रकाशन गर्न आग्रह गर्नुभयो । सांसद सुरेन्द्र पाण्डेले नेपाली भूमिमाथिको अतिक्रमण रोक्न नेपालले निरन्तर पहल गर्नुपर्ने बताउनुभयो ।रासस

# यथार्थमा आधारित बजेट ल्याउन सांसदको माग

काठमाण्डु । कोभिड-१९ का कारण मुलुकको अर्थतन्त्रमा नकारात्मक असर परेको, रोजगारीको अवसर गुमेको तथा वैदेशिक रोजगारीमा गएका समेत घर फर्कने वातावरण नभएकाले समग्र अवस्थालाई ध्यान दिइ आगामी आर्थिक वर्षको बजेट ल्याउन सांसदहरूले माग गर्नुभएको छ । राष्ट्रियसभाको आइतबारको बैठकमा आर्थिक वर्ष २०७७/७८ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक) माथिको छलफलमा सहभागी हुँदै सांसदहरूले यथार्थमा आधारित बजेट अहिलेको प्रमुख आवश्यकता भएको बताउनुभयो ।

कृषिमा आत्मनिर्भर हुने वातावरण कोरोनाले तयार पारेको भन्दै उहाँहरूले साना तथा मझौला उद्योगको प्रवर्द्धन, भौतिक पूर्वाधारको विकास तथा स्वास्थ्य पूर्वाधारलाई प्राथमिकतामा राखी विपद्सँग जुध्ने कार्यक्रम जरुरी रहेको उहाँहरूको भनाइ थियो ।

सांसद परशुराम मेघी गुरुङले बजेट जनताको जीविकासँग जोडिएको कानून र राजनीतिक दस्तावेज पनि भएकाले यसलाई प्रभावकारी कार्यान्वयन हुने गरी विषयवस्तु समेटिनुपर्ने बताउनुभयो । उहाँले सबै राजनीतिक दलसँग आगामी बजेटमा समटेनिुपर्ने विषयबारे सरकारले लिखितरूपमै धारणा माग्नुपर्नेमा पनि ध्यानाकर्षण गराउनुभयो । विगतको अभ्यासमा बजेटमा राम्रा कुरा समावेश भए पनि कार्यान्वयन पक्ष फितलो हुने गरेको भन्दै आगामी बजेट महत्वाकाङ्क्षीभन्दा पनि कार्यान्वयनमुखी हुनुपर्ने बताउनुभयो ।

सांसद रमेशजङ्ग रायमाझीले कोभिड-१९ को महामारीपछिको स्वास्थ्य क्षेत्रलाई सुधार गर्ने गरी बजेटले प्राथमिकता दिनुपर्ने बताउनुभयो । पूर्वाधार क्षेत्रलाई विशेष प्राथमिकता दिएर राष्ट्रिय गौरवका आयोजनालाई शीघ्र सम्पन्न गर्नेतर्फ बजेट केन्द्रित हुनुपर्ने उहाँको भनाइ छ ।

सांसद दिलकुमारी रावलले बजेटमा कृषि उत्पादनलाई प्रोत्साह गर्दै व्यवस्थित शहरीकरण, भूमि व्यवस्थापन र उपभोगसम्बन्धी विषयलाई समेटिनुपर्ने बताउनुभयो । उहाँले कोभिडका कारण थलिएको पर्यटन उद्योगलाई प्रवर्द्धन गर्ने, आन्तरिक पर्यटन विकासका कार्यक्रम प्राथमिकतामा राख्न पनि आग्रह गर्नुभयो ।

सांसद कोमल वलीले अर्थतन्त्रलाई जीवन दिन, कृषि उत्पादन, पर्यटन उद्योगको पुनरुत्थान तथा उत्पादनशील क्षेत्रमा रोजगारी सिर्जना गर्ने किसिमका कार्यक्रम बजेट तथा नीति कार्यक्रममा सुनिश्चित हुनुपर्ने धाणा राख्नुभयो । रासस


## बरहथवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बरहथवा, सर्लाही
प्रदेश नं.२, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०७७/०१/२९)

बरहथवा नगरपालिकाको मिति २०७६/११/०४ को अन्नपूर्ण पोस्टराष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपसिलका निर्माण कार्यहरुको लागि पेश भएका सिलबन्दी बोलपत्रहरु मध्ये देहायका बोलपत्रहरु न्युनतम मूल्यांकित र सारभूत रुपमा प्रभावग्राही भई स्विकृतीको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उप दफा(२)र (३) तथा सोही ऐनको दफा ४७को प्रयोजनार्थसंम्बन्धित सबैको जानकारीको लागि यो बोलपत्र स्विकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशन गरिएको छ ।

| टेक्का नं. | योजनाको विवरण | छनौट भएको फर्मको नाम | ठेगाना | कबोल अंक (रु.Vat बाहेक) |
|---|---|---|---|---|
| NCB-06-2076/77 | **Construction Of** ward no.2 ko murari ji ghar dekhi ward no 2 ko sitaram mandir samma 6 meter chaudai ko RCC dhalan | R.K Construction | Manpur 3, Sarlahi | 8206436.92/- |
| NCB-07-2076/77 | **Construction Of** Bijay khanal ko khet dekhi daxshin jaane baato kalopatre garne | Aarati & P Construction (P) Ltd | Basbariya -2, Sarlahi | 2097543.22/- |

प्रमुख प्रशासकीय अधिकृत


# लिपुलेक सडकको विषयमा चीनसँग पनि कुरा गर्नुपर्छ : गृहमन्त्री थापा

काठमाण्डु । गृहमन्त्री रामबहादुर थापाले नेपालको भूमि लिपुलेक क्षेत्र अतिक्रमण गरी भारतले मानसरोबरसम्म जाने बाटो निर्माण गरेको विषयमा चीनसँग पनि कुरा गर्नुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

त्रिपक्षीयरूपमा समस्याको हल गर्नु पर्नेमा जोड दिँदै उहाँले चीनले सहमति नजनाउने हो भने रहेको समेत उहाँले बतउनुभयो ।

सीमा सुरक्षाको सङ्घर्ष टुक्राटुक्रामा मात्रै नभई सिङ्गोरूपमा लड्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै गृहमन्त्री थापाले कूटनीतिक प्रयासलाई गति दिने र यसलाई अन्तर ष्ट्रियकरण गर्नुपर्ने आवश्यकता महसुस भएको बताउनुभयो ।

सरकारले यस विषयमा सकारात्मकरूपमा लिने उहाँले स्थायीरूपमा राखेको गृहमन्त्री थापाको प्रष्टोक्ति थियो ।

केही हदमा तत्कालीन शासकले लडेर केहीलाई फर्काउन सफल भए पनि कालापानीबाट भारतीय सेना फर्काउन नसक्दा आज पनि हजारौँ भारतीय सेना कालापानी क्षेत्रमा छन् ।

सैन्य मात्रै नभई राजनीतिकरूपमा पनि लिपुलेक, कालापानी क्षेत्रमा भारतले कब्जा जमाएको छ । रासस

> ***सरकारले यस विषयमा सकारात्मकरूपमा लिने उहाँले विश्वास व्यक्त गर्नुभयो । उहाँले प्राविधिकरूपमा मुलुकको भूमि समेटेर नक्सा जारी गर्नु जरुरी रहेको औँल्याउँदै यसतर्फ सरकारले गम्भीररूपमा सोच्ने र आफूले निर्णायक निकायमा पुऱ्याउने आश्वासन दिनुभयो ।***

त्यस सडकको खास औचित्य नहुने हुँदा चीनसँग पनि छलफल अघि बढाउनुपर्ने उल्लेख गर्नुभयो ।

"त्यसलाई व्यापारिक मार्गका रूपमा प्रयोग गर्न खोजिँदैछ, त्यसकारण त्रिदेशीयरूपमा छलफल गरी लिपुलेक भञ्जाङलाई प्रयोग गर्न नदिने हो भने मुलुकको आन्दोलनले सफलता पाउने छ", संसद्को राज्य व्यवस्था तथा सुशासन समितिको आजको बैठकमा गृहमन्त्री थापाले भन्नुभयो । सोही विषयमा छलफल गर्न आज समितिले गृहमन्त्री थापालाई बोलाएको थियो ।

सन् १८१६ को सुगौली सन्धि ब्रिटिससँग गरिएकाले यसलाई निष्कर्षमा पुऱ्याउनका लागि सांसदहरूले बेलायतसँग समेत छलफल गर्नुपर्नेमा जोड दिनुभएको थियो । गृहमन्त्री थापाले बेलायत सरकारसँग छलफल गर्ने कुरा मननयोग्य विश्वास व्यक्त गर्नुभयो । उहाँले प्राविधिकरूपमा मुलुकको भूमि समेटेर नक्सा जारी गर्नु जरुरी रहेको औँल्याउँदै यसतर्फ सरकारले गम्भीररूपमा सोच्ने र आफूले निर्णायक निकायमा पुऱ्याउने आश्वासन दिनुभयो ।

गृहमन्त्री थापाले पूर्वशासकको गल्तीको पीडा अहिलेको पुस्ताले भोग्दै गएको समेत बताउनुभयो । "उनीहरूले राष्ट्रियतासम्बन्धी गरेको गम्भीर गल्ती भनेको नेपालको सीमामा भारतीय सेनालाई चौकी स्थापना गर्न अनुमति दिनु हो", मन्त्री थापाले थप्नुभयो, "यो गम्भीर र ऐतिहासिक भुल हो, त्यसैको परिणाम हामीहरूले भोग्दै आएका हौं ।"

चीनको आक्रमणबाट बचाउन भारतले नेपालको सीमामा अस्थायी चौकी राख्ने अनुमति मागेकामा तत्कालीन शासकले अनुमति दिएका र पछि भारतले आफ्नो सेनालाई

# बजेटका प्राथमिकता र सिद्धान्त पेश

काठमाण्डु । सरकारले कोरोनाबाट अर्थतन्त्रमा परेको प्रभावलाई न्यूनीकरण गर्दै सरकारले अगाडि सारेको आर्थिक विकास, सुशासन तथा समृद्धिको मार्गलाई अगाडि बढाउने गरी आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिबद्धता जनाएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाले 'आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन विधेयकका सिद्धान्त, प्राथमिकताका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्दै उक्त कुराको जानकारी दिनुभएको हो ।

संविधानले प्रत्याभूत गरेको लोकतान्त्रिक मूल्य मान्यता, समाजवाद उन्मुख अर्थतन्त्रका प्रमुख आधारका रूपमा रहेको सार्वजनिक, निजी, सहकारीका माध्यमबाट सामाजिक न्याय स्थापना गर्दै समृद्ध अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट केन्द्रित गरिने उहाँले जानकारी दिनुभयो । रासस


## Invitation for Bids
**State Government**
**Province no.2, Janakpurdham**
## Office of the Chief Minister and Council of Ministers

**Date of publication: 11 May 2020**

1. The State Government, Province no.2, Office of the Chief Minister and Council Of Ministers,Janakpurdham invites electronic bids under e-procurement system from eligible bidders for the following construction works as shown in table below

| S.N | Contract ID No. | Description of Works | Bid security amount (NRs) | Price of bid document(NRs) (Non refund-able) | Minimum Average Annual Turnover of best 3 years within last 10 fiscal yrs period(NRs) | Minimum Specific Work Experience in similar size & nature in single contract within last 10 fiscal yrs period |
|---|---|---|---|---|---|---|
| 1 | OCMCMS2/NCB/WORKS/076/77-**17**, Barka Pokhari beautification works,Malangwa municipality-7,Barki Musaili,**Sarlahi** | Construction of steps,temple,building construction /Lighting & allied works | 24,00,000.00 | 5000.00 | 12,00,00,000.00 | 6,40,00,000.00 |
| 2 | OCMCMS2/NCB/WORKS/076/77-**18**, Binagara(Gajendra) Pokhari beautification works,Gadhimai-08,Binagara,**Rauthat** | Construction of steps,temple,building construction /Lighting & allied works | 15,00,000.00 | 5000.00 | 7,63,00,000.00 | 4,07,00,000.00 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may download for e-submission from PPMO`S e-GP system www.bolpatra.gov.np/egp . Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy(pdf) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids and upon payment of non-refundable fee mentioned above till **09 June 2020** till office hour.

   **Information to deposit the cost of bidding document in Bank:**

   Name of the Bank: **Rastriya Banijya Bank,Janakpurdham**

   Name of Office: **Office of the chief minister and council of Ministers**, Province no.2, **Janakpurdham,**

   Office Code no. : 3012017012 , Office Account no.: KA-11202

   Rajaswa (revenue) Shirshak no. : 14229
4. Pre-bid meeting shall be held at ***Office of the chief minister and council of ministers, Province no.2, Janakpurdham at 11:00 am of 29 May 2020.***
5. Only electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on ***10 June 2020***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00 PM of 10 June 2020*** at the office of ***the chief minister and council of ministers, province no.2, janakpurdham, Dhanusha***. Bids must be valid for a period of ***90 days*** after bid opening and must be accompanied by a bid security amounting of as mentioned above table to a minimum of which shall be valid for 30 days beyond the validity period of the bid.(***till 7 Oct 2020***)

# विश्वभर २ लाख ८० हजारको मृत्यु

एएफपी

जेनेभा । कोरोनाभाइरसका कारण विश्वभर २ लाख ८० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने संक्रमितको संख्या ४१ लाख १५ हजार नाघेको छ। जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार नेपाली समयानुसार आइतबार मध्याह्नसम्ममा विश्वभर २४ घण्टाको अवधिमा ४ हजार २४८ जनाको मृत्यु भएको छ।



प्राप्त समाचार अनुसार विश्वभर करिब ४८ हजार मानिसको स्वास्थ्य अवस्था कोरोनाभाइरसबाट अत्यन्त जटिल रहेको छ भने २३ लाख ४१ हजार अर्थात् करिव ९८ प्रतिशतको अवस्था सामान्य छ।

युरोपेली मुलुकहरूमध्ये बेलायतमा सबैभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। पछिल्लो विवरण अनुसार बेलायतमा ३१ हजार ५८७ जनाको कोरोनाभाइरसका कारण मृत्यु भइसकेको छ।

संयुक्तराज्य अमेरिकामा मृत्युदरमा खासै कमी आएको छैन। पछिल्लो २४ घण्टामा अमेरिकामा १ हजार ४२२ जनाको मृत्यु भएको छ। योसहित अमेरिकामा मृत्यु भएका व्यक्तिको कूल संख्या ८० हजार पुगेको छ। कोरोनाभाइरसबाट सर्वाधिक दैनिक मृत्युदर रहेका इटाली, स्पेन र फ्रान्समा २४ घण्टाको अवधिमा अघिल्लो दिनको भन्दै सामान्य रहेको छ।

विगत २४ घण्टामा इटालीमा १९४, स्पेनमा १७९ र फ्रान्समा ८० जनाको ज्यान गएको छ।

# भारतमा कोरोना सङ्क्रमितको संख्या ६० हजार पुग्यो

एएफपी

नयाँदिल्ली । भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितको संख्या ६० हजार पुगेको छ।

सङ्क्रमितहरूको संख्या बढ्दै गएसँगै सङ्क्रमणबाट निको हुनेहरूको दर पनि बढ्दै गएको अधिकारीहरूले जनाएका छन्। उनीहरूका अनुसार झण्डै ३० प्रतिशत सङ्क्रमितलाई निको भएको छ।

शनिबारमात्रै झण्डै तीन हजार ३२० जना कोरोनाभाइरस सङ्क्रमितहरू थपिएको जनाइएको छ। योसँगै भारतमा कुल सङ्क्रमितको संख्या ५९ हजार ६६२ पुगेको छ।

सङ्क्रमितको संख्या झण्डै ६० हजार पुगेपनि अहिले विरामी अवस्थामै रहेकाहरूको संख्या भने ३९ हजार ८३४ रहेको छ। त्यसैगरी सङ्क्रमणमुक्त हुनेहरूको संख्या १७ हजार ८४७ रहेको अधिकारीहरूले जनाएका छन्। पछिल्लो २४ घण्टाको अवधिमा मात्रै भारतमा ९५ जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ। यो सँगै भारतमा कोरोनाका कारण मृत्यु हुनेहरूको कुल संख्या एक हजार ९८१ पुगेको छ।

केन्द्रीय स्वास्थ्यमन्त्री डा हर्ष बर्धनले शनिबारले सङ्क्रमित र मृत्यु हुनेहरूको संख्या दिनप्रतिदिन बढ्दै गएपनि कतिपय विकसित देशहरूमा जस्तो अनियन्त्रित र भयावह अवस्था भने नरहेको बताउनुभयो।

हाम्रोमा कोरोनाभाइरसबाट सङ्क्रमितहरूको मृत्युदर झण्डै ३.३ प्रतिशत रहेको छ जबकी सङ्क्रमणमुक्त हुने दर भने २९.९ प्रतिशत रहेको छ, उहाँले भन्नुभयो।

# अफगान सरकारद्वारा एक हजार तालिबान समर्थक रिहा

एएफपी

काबुल । अफगानिस्तान सरकारले तालिबान आन्दोलनका एक हजार समर्थकलाई रिहा गरिदिएको छ। विद्रोही पक्ष र सरकार पक्षका बीचमा वार्ताका लागि वातावरण बनाउन सजिलो होस् भन्ने उद्देश्यले उनीहरूलाई रिहा गरिएको सरकारी अधिकारीहरूले शनिबार बताएका छन्।



अफगान सुरक्षा राष्ट्रिय परिषद्का अधिकारीहरूले भनेका छन्, "कोरानाभाइरस विरुद्धको लडाई र शान्ति सुरक्षा कायम गर्नका लागि एक हजार जनालाई रिहा गरिएको हो।" उनीहरूको रिहाईले हिंसा अन्त्य गर्न र शान्ति स्थापना गर्नका लागि सिधै वार्ता शुरु गर्न सजिलो हुने विश्वास पनि सरकारी अधिकारीहरूले गरेका छन्। परिषद्को आधिकारिक ट्वीटरमा अफगान सरकार वार्ता मार्फत् हिंसाको अन्त्य गर्न चाहेको उल्लेख गरिएको छ। अफगानिस्तानमा शान्ति स्थापना गर्नका लागि भन्दै गत फेब्रुअरीमा तालिवान पक्ष र अमेरिकी पक्षका बीचमा कतारको दोहामा सम्झौता भएको थियो।

उनीहरूका बीचमा शान्ति सम्झौता भएपनि अफगानिस्तानमा शान्ति स्थापना हुन भने सकेको छैन। अनेक समूहबाट हिंसात्मक गतिविधिहरू भइरहेका छन्। अमेरिकी पक्ष र तालिबान पक्षका बीचमा भएको सम्झौताका आधारमा तालिबान पक्ष पाँच हजार बन्दीहरूलाई रिहा गर्न माग गरेको छ। अफगान सरकारले पनि उनीहरूलाई चरणबद्ध रूपमा रिहा गरिने जनाएको छ।

# कोरियामा कोरोनाको फेरि त्रास, क्लब र बार बन्द

एएफपी

सियोल । कोरोना महामारीको त्रास बढेको भन्दै दक्षिण कोरियाको राजधानी



सियोलका सबै क्लब र बार बन्द गर्न सरकारले आदेश दिएको छ। कोरियाली राष्ट्रपति मून जाए-इनले कोरोना भाइरस संक्रमणको दोस्रो सिलसिला मुलुकमा देखिन थालेकाले त्यसप्रति सचेत रहन देशबासीलाई अपिल गर्नु भएको छ। भाइरस नियन्त्रणका सन्दर्भमा दक्षिण कोरियाले उदाहरणीय कार्य गरेको छ।

तर राजधानी सियोलका मेयरले शनिबार रात्रिजीवनका लागि निकै प्रख्यात मानिएको इताओनमा नयाँ कोरोना भाइरस संक्रमित व्यक्तिहरू भेटिएसँगै नयाँ आदेश जारी गर्नु भएको छ।

गत सप्ताहान्तमा इताओनका पाँच वटा क्लब र बारमा पुगेका एक २९ वर्षीय पुरुषमा कोरोना संक्रमण देखिएको र उनीबाटै अरु ५० भन्दा बढी व्यक्तिमा कोरोना सरेको भेटिएको स्वास्थ्य अधिकारीहरूले बताएका छन्।

सियोलका मेयर पार्क वोन-सूनले सानो असावधानीले संक्रमण व्यापक बन्न सक्छ भन्दै नगरपालिकाले जारी गरेको आदेश अनिश्चितकालका लागि लागू हुने बताउनुभयो।

सियोललाई घेरेको गियोङ्गी प्रान्तले पनि ५ हजार ७०० भन्दा बढी मनोरंजन केन्द्रहरू आइतबारदेखि लागू हुनेगरी दुई साताका लागि बन्द गरेको छ।

# ब्राजिलमा १० हजारको मृत्यु

एजेन्सी

नयाँ दिल्ली । ब्राजिलमा कोरोना भाइरस (कोभिड-१९) बाट मृत्यु हुनेको संख्या १० हजार नाघेको छ।

ब्राजिलले शनिबार सार्वजनिक गरेको तथ्यांक अनुसार ब्राजिलमा कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या १० हजार ६ सय २७ जनाको कोरोना भाइरसको कारण मृत्यु भइसकेको छ।



साथै कोरोना भाइरसबाट संक्रमित हुनेको संख्या पनि एक लाख ५५ हजार नौ सय ३९ पुगेको छ।

यद्यपि सरकारको यो तथ्यांक विश्वसनीय नरहेको र वास्तविक संक्रमितको संख्या निकै बढी रहेको वैज्ञानिकहरुले बताएका छन्। कोरोना भाइरसबाट मृत्यु हुनेको संख्या १० हजार नाघेसँगै नेशनल कंग्रेसले तीन दिनसम्म आधिकारिक शोक मनाउने निर्णय गरेको छ।

साथै सबै नागरिकलाई कोरोना भाइरसको संक्रमण न्यूनीकरणका लागि सिफारिस गरिएको नियम पालना गर्न सुझाव दिइएको छ।

ब्राजिलका राष्ट्रपति जेयर बोल्सोनारोले भने कोरोना भाइरस नियन्त्रणको लागि लगाइएको नियमको आलोचना गर्दै आएका छन्।

# मूनद्वारा अन्तर-कोरियाली रेलवे निर्माणको प्रस्ताव

एएफपी

सियोल । दक्षिण कोरियाली राष्ट्रपति मून जाए-इनले दक्षिण कोरिया र उत्तर कोरियाले संयुक्त क्वारेन्टाइन समेतका पारस्परिक सहयोगात्मक परियोजनालाई अघि बढाउनु पर्ने बताउनुभएको छ।

उत्तर कोरिया र संयुक्तराज्य अमेरिकाबीच वार्तामा तत्काल प्रगति नभएको देखिए पनि दुबै कोरियाबीच समझदारी बढ्दै गएको राष्ट्रपति मूनले बताउनुभयो।

राष्ट्रपति पदमा निर्वाचित भएको तेस्रो वर्षका अवसरमा विशेष सम्बोधन गर्दै राष्ट्रपति मूनले अन्तर-कोरियाली रेलवे सम्पर्क संजालको निर्माण र उत्तर कोरियातर्फ हुने भ्रमण जस्ता विशेष कार्यक्रमहरूको महत्व अझै रहेको बताउनुभयो।

उहाँले दक्षिण कोरियाबाट प्रस्तावित सहयोगात्मक परियोजनालाई स्वीकार गर्न उत्तर कोरियासमक्ष अनुरोध गर्नुभयो।

उहाँले भन्नुभयो, "हालका प्रस्तावहरू अझै पनि सान्दर्भिक छन्। हामी उत्तर कोरियालाई आफ्ना परियोजनाहरू स्वीकार गर्न आग्रह गरिरहने छौं।"

## रूसले ७५ औँ विजय दिवस कोभिड-१९ को अन्त्यपछि शानदाररूपमा मनाउने

एएफपी

मस्को। रूसले ७५ औँ विजय दिवस कोभिड-१९ को अन्त्यपछि शानदाररूपमा विशेष उत्सवका साथ मनाउने रूसी राष्ट्रपतिले शनिबार बताउनुभएको छ। राष्ट्रपति भ्लादिमीर पुटिनले शनिबार भन्नुभयो, "कोभिड-१९ महामारीको समाप्तिपछि भव्य देशभक्त युद्धको विजयको ७५ औँ वर्षगाँठ मनाउने छ। रूसले महामारीको अन्त्यपछि 'व्यापक तथा शानदार' समारोहबीच ७५ औँ विजय वर्षगाँठलाई मनाइनेछ। क्रेमलिनको पर्खालि बाहिर दोस्रो विश्वयुद्धमा तत्कालिन सोभियत संघको तर्फबाट युद्ध लड्ने क्रममा ज्यान गुमाएका ज्ञात अज्ञात शहीदहरूप्रति फूलमाला अर्पण गरेपछि पुटिनले राष्ट्रका नाममा सम्बोधन गर्दै भन्नुभयो, "हामी विजय दिवसको सम्झनामा शानदार समारोह गर्नेछौं र यसले देशभक्त योद्धाहरूको सम्मान हुनेछ र यो राज्यको कर्तव्य हो।"

"विजय दिवसको आत्मिक, नैतिक तथा उत्कृष्ट महत्व सधैं रहन्छ र यसप्रति हाम्रो दृष्टिकोण पवित्र छ। यो हाम्रो स्मृति र गौरव हो, हाम्रो देशको इतिहास, प्रत्येक परिवारको इतिहास हो," उहाँले रूसी जनतालाई विजय दिवसका अवसरमा बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो।

रूसले मे ९ लाई हरेक वर्ष विजय दिवसका रूपमा मनाउने गर्छ र उक्त दिन रूसमा राष्ट्रिय विदा पनि दिइन्छ। रूसबाट नाजी शासनको अन्त्य भएको घोषणा गर्दै यसै दिन वैधानिकरूपमा एक कानूनी घोषणा गरिएको कागजातमा हस्ताक्षर गरिएको थियो। तत्कालिन सोभियत राष्ट्र रूसमा महान् देशभक्त युद्धलाई सन् १९३९ देखि १९४५ सम्म चलेको दोस्रो विश्वयुद्धको अभिन्न अङ्गका रूपमा सम्झिने गरिन्छ।

# सार्कमा कोरोना सङ्क्रमितको सङ्ख्या एक लाख सात हजार पुग्यो

एएफपी

नयाँ दिल्ली। दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन (सार्क) मुलुकहरुमा कोरोनाभाइरसबाट एक लाखभन्दा बढी व्यक्ति सङ्क्रमित भएका छन्। दक्षिण एसियाका यी आठ देशमा हालसम्म कोरोना सङ्क्रमित सङ्ख्या एक लाख सात हजार ४८४ पुगेको छ भने दुई हजार ९४९ जनाको मृत्यु भएको छ। दक्षिण एशियाली मुलुकमध्ये भारतमा सबैभन्दा बढी सङ्क्रमित रहेका छन्।



शनिबारसम्ममा भारतमा ५९ हजार ८८१ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ भने एक हजार ९९० जनाको मृत्यु भइसकेको छ। भारतमा १७ हजार ९५६ सङ्क्रमित व्यक्ति उपचारपछि निको भई घर फर्किएका छन्। त्यस्तै पाकिस्तानमा २७ हजार ४७४ जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ भने ६१८ जनाले कोरोनाका कारण ज्यान गुमाएका छन्। पाकिस्तानमा सात हजार ७५६ व्यक्ति उपचारपछि निको भई घर फर्किएका छन्।

अर्को बढी प्रभावित एशियाली मुलुक बङ्गलादेशमा शनिबारसम्म कोरोना भाइरसबाट १३ हजार ७७० जना सङ्क्रमित बनेका छन् भने २१४ जनाको मृत्यु भएको छ।

बङ्गलादेशमा दुई हजार ४१४ जना उपचारपछि निको भई घर फर्किएका छन्।

लामो समयदेखि द्वन्द्वको कारण प्रभावित अफगानिस्तानमा चार हजार ३३ जना यस भाइरसकाकारण सङ्क्रमित भेटिएको छ भने यहाँ ११५ जनाको विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१० का कारण मृत्यु भएको छ।

अफगानिस्तानमा सङ्क्रमितमध्ये ५०२ जना निको भई घर फर्किएका छन्। यस्तै श्रीलंकामा ८४४ जना सङ्क्रमित रहेका छन् भने ९ जनाको मृत्यु भएको छ। माल्दिभ्समा अहिलेसम्म कोरोना भाइरसबाट सङ्क्रमति हुनेहरुको सङ्ख्या ७६६ पुगेको छ भने तीन जनाको मृत्यु भएको छ। यहाँ २६० सङ्क्रमित निको भई घर फर्किएका छन्।

# पाकिस्तानमा लकडाउनको अवधि फेरि थपियो, मे ३१ सम्म लागु हुने

एएफपी

इस्लामावाद । पाकिस्तानमा लागु हुँदै आएको लकडाउनको अवधि फेरि तीन हप्ताका लागि थप गरिएको छ। सरकारले यही मे ३१ तारिखसम्मका लागि लकडाउनको अवधि थप गरिएको घोषणा गरेको छ।



तर व्यापार व्यवसायलाई सजिलो हुनेगरी केही खुकुलो व्यवस्था पनि गरिएको छ।

सर्वसाधारणको धेरै भिडभाड नहुने ठाउँका लागि लकडाउनलाई खुकुलो बनाइएको सरकारले जारी गरेको सूचनामा उल्लेख गरिएको छ। सूचनाका अनुसार अत्यावश्यक सेवाका पसलहरू हप्तामा पाँच दिन विहान ८ बजेदेखि बेलुका ५ बजेसम्म खोल्न दिइने भएको छ।

पाकिस्तानमा कोरोनाभाइरसबाट सङ्क्रमित हुने र मृत्यु हुनेको संख्या बढ्दै गइरहेकाले लकडाउनलाई निरन्तरता दिनु परेको सरकारी अधिकारीहरूको भनाई छ।

उनीहरूका अनुसार देशभरि गरेर अहिलेसम्म २९ हजारभन्दा बढी सङ्क्रमित भएका छन् भने पछिल्लो २४ घण्टामा मात्रै एक हजार ९९१ जना नयाँ विरामी थपिएका छन्।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रादेशिक अस्पताल
प्रदेश नं. २
जनकपुरधाम, धनुषा

दरभाउ पत्र स्वीकृत सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा कोभिड १९ विशेष अस्पतालको लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार राष्ट्रिय दैनिक पत्रिका, जनकपुर टुडेमा होटलबास, खाना, खाजा तथा राशन सम्बन्धी प्रकाशित सूचना बमोजिम दाखिला हुन आएका दरभाउपत्रहरु मध्ये तपसिलमा उल्लेखित दरभाउपत्र यस अस्पतालको निर्णय अनुसार खरिद ऐन २०६३ को दफा २७ को उपदफा १ अनुसार प्रति आईटम दररेट सारभुतरुपमा प्रभावग्राही देखिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। ३ दिन भित्र कार्यालयमा सम्पर्क राखि सम्झौता गर्न जानकारी गराईन्छ।

तपसिल

| कामको विवरण | बोलपत्र दाताको नाम, ठेगाना |
|---|---|
| डब्बल बेड एसी भएको प्रति कोठा, डब्बल बेड एसी नभएको प्रति कोठा, प्रति छाक खाना, खाजा, प्रति कप चिया | अणपूर्ण ब्यांकेट प्रा.लि. जनकपुर, धनुषा |
| बिरामीको लागि विभिन्न खाध्य सामग्री (राशन) | माँ गायत्री सप्लायर्स, मिथिला बिहारी, धनुषा |

नि. प्रमुख मेडिकल सुपरिन्टेन्डेन्ट

हार्दिक समवेदना



स्व. हरी प्रसाद गुप्ता

जन्म मिति
१९३४/०६/०९

स्वर्गारोहण मिति
२०२०/०५/०४

यस वित्तीय संस्था सञ्चालक समितिका अध्यक्ष श्री अमरनाथ गुप्ता ज्यूको पूजनीय पिता श्री **हरी प्रसाद गुप्ता** को मिति २०७७।०१।२२ गते सोमवारका दिन असमायिक देहावसानको खबरले हामी मर्माहत भएका छौं। दिवंगत आत्माको चीर शान्तिको लागि माता जानकी सँग प्रार्थना गर्दै शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्न सक्ने क्षमता प्रदान गर्न माता जानकी सँग प्रार्थना गर्दछौं।

जानकी फाइनान्स कम्पनी लिमिटेड, परिवार
स्टेशन रोड- ४, जनकपूरधाम

# बजेट समृद्ध अर्थतन्त्र निर्माणमा केन्द्रित हुन्छ : अर्थमन्त्री



काठमाण्डु । सरकारले आगामी आर्थिक वर्षको बजेटमा भ्रष्टाचारविरुद्ध शून्य सहनशीलतालाई पूर्णरूपमा कार्यान्वयन गर्दै सुशासनको क्षेत्रमा विशेष योजनाका साथ काम गर्ने स्पष्ट पारेको छ।

राष्ट्रियसभाको आइतबारको बैठकमा अर्थमन्त्री डा युवराज खतिवडाले 'आर्थिक वर्ष २०७७/०७८ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सिद्धान्त र प्राथमिकता सम्बन्धमा (कर प्रस्तावबाहेक) माथि छलफल गरियोस्' भन्ने प्रस्ताव प्रस्तुत गर्दै उक्त कुराको जानकारी दिनुभएको हो।

संविधानले प्रत्याभूत गरेको लोकतान्त्रिक मूल्य मान्यता, समाजवाद उन्मुख अर्थतन्त्रका प्रमुख आधारका रूपमा रहेको सार्वजनिक-निजी साझेदारीका माध्यमबाट सामाजिक न्याय स्थापना गर्दै समृद्ध अर्थतन्त्र निर्माण गर्नेतर्फ बजेट केन्द्रित गरिने उहाँले जानकारी दिनुभयो।

संविधानप्रदत्त नागरिकको मौलिक हक कार्यान्वयन गर्दै विकास, सुशासन, समृद्धिको यात्रामा प्राप्त भएको उपलब्धि, नागरिकलाई गुणस्तरीय एवं प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्नेतर्फ सरकारले विशेष ध्यान दिनुपर्नेमा मन्त्री खतिवडाको जोड छ।

कोरोनाका कारण विश्व अर्थतन्त्र नै समस्यामा परेको तथ्य पेश गर्दै उहाँले कोरोनाका कारण स्थानीय तह थप क्रियाशील भएकाले सङ्घीयताको औचित्य थप स्पष्ट भएको समेत जानकारी दिनुभयो।

विकास र सुशासनमा आगामी बजेटले जोड दिने र कोरोनाको महामारीले आर्थिक क्षेत्रमा परेको क्षतिलाई उकास्ने गरी योजनाबद्ध प्रयास गरिने उहाँको भनाइ छ।रासस

# भुक्तानी नपाएको भन्दै आन्दोलनको तयारीमा उखु किसान

मलगंवा। लकडाउनको मारमा सर्लाहीका उखु किसान थप पीडित बनेका छन्। जिल्लाको धनकौल गाउँपालिका-६ मा रहेको अन्नपूर्ण चिनी उद्योगले किसानको उखुको रकम भुक्तानी गर्न पटकपटक सम्झौता गरे पनि हालसम्म एक पैसा भुक्तानी नगरेको भन्दै किसानले गुनासो गरेका छन्।

उद्योगले विसं २०७० देखि हालसम्म १२ हजार किसानको करिब रु ४० करोड भुक्तानी गर्न बाँकी राखेको भन्दै किसानले उद्योगलाई चिनी बिक्री वितरणमा रोकसमेत लगाएको उखु उत्पादक किसान मुकेश ठाकुरले बताउनुभयो। उहाँका अनुसार केही दिन पहिला उद्योगले किसानलाई थाहै नदिई गोप्यरूपमा गोदामबाट चिनी बाहिर लैजान खोज्दा स्थानीय किसानले चिनी लोड भएका चार ट्रक नियन्त्रणमा लिएका थिए। त्यसपश्चात उद्योगले एक-दुई किसानलाई केही रकम मात्र दिए पनि पूरै रकम नदिएको साथै सबैको रकम नदिएको भन्दै किसानले उद्योग विरुद्ध आन्दोलन गर्नेसमेत चेतावनी दिएका छन्।

लकडाउनका समयमा किसानको आवतजावत कम भएको मौका छोपी उद्योग प्रशासनले गोप्यरूपमा चिनी लैजान खोज्दा सबै गाउँले किसान मिलेर ट्रकलाई नियन्त्रणमा लिएको स्थानीयवासीले बताएका छन्। गोडैता नगरपालिकास्थित महालक्ष्मी चिनी उद्योगले पनि गत वर्षको केही रकम भुक्तानी गर्न बाँकी रहेको स्थानीय किसान ठाकुरले बताउनुभयो। गत फागुन १८ गतेसम्म सञ्चालनमा गरेको महालक्ष्मी चिनी उद्योगले माघ ७ गतेसम्मको रकम मात्र भुक्तानी गरेको ठाकुरले बताउनुभयो।

सरकारले धोका दिएर किसानले पाउनुपर्ने उखुको अनुदानसमेत अहिलेसम्म नपठाएको किसानले बताएका छन्। जारी लकडाउनका कारण बाहिर काम गर्न जान नपाएको र आफ्नो खेतबारीमा उत्पादन भएको कृषिजन्य पदार्थको भुक्तानी पनि नपाउँदा किसान मारमा परेका हुन्। रासस

# चालु आवमा लक्ष्यभन्दा आधा सडक र पुल निर्माण सकिने

काठमाण्डु। चालु आर्थिक वर्षमा लक्ष्यभन्दा झण्डै आधामात्रै सडक र पुल सम्पन्न हुने भएको छ। विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ न्यूनीकरण र रोकथामका लागि सरकारले जारी राखेको 'लकडाउन' का कारण लक्ष्यभन्दा ५० प्रतिशत मात्रै सकिने अनुमान गरिएको हो।

चालु आवमा एक हजार २०० किमी सडक कालोपत्र र ३०० पुल निर्माण गरिने लक्ष्य राखिएको थियो।

गत महिनासम्म ६३० किमी सडक कालोपत्र र १३२ पुल सम्पन्न भएको छ। अहिले देशभरमा २५० स्थानमा निर्माणको काम भइरहेको सडक विभागले जनाएको छ।

अहिले निर्माणका लागि आवश्यक सामग्रीको उत्पादन र ढुवानी सहज भएसँगै अझै केही स्थानमा निर्माणले गति लिने सम्भावना रहेको सडक विभागका महानिर्देशक केशवकुमार शर्माले बताउनुभयो।

मौसम अनुकूल भएमा केही सडक र पुल निर्माण सम्पन्न हुन सक्छ। विभागले दुई साता पहिले नै विभिन्न आयोजनामा निर्माण शुरु गरे पनि आवश्यक सामग्रीको अभावले अपेक्षाअनुसार काम हुन सकिरहेको थिएन।

सरकारले खाद्यान्न र अन्य अत्यावश्यक वस्तु उत्पादन गर्नेसहित ४२ प्रकारका उद्योग सञ्चालनमा ल्याउने निर्णय गरेको छ। तर, त्यो निर्णय कार्यान्वयन हुन अझै एक सातासम्म लाग्न सक्ने उहाँले बताउनुभयो।

उहाँले भन्नुभयो, "त्यहाँ काम शुरु भएर निर्माण नियमित आउन थालेपछि निर्माण अघि बढ्नेछ।"

पूर्वाधार निर्माणका लागि मौसम अनुकूल हुँदामात्रै काम गर्न सकिन्छ।

यो महिनाको शुरुदेखि नै भइरहेको नियमित वर्षाका कारण काममा सहज नभएको महानिर्देशक शर्माले बताउनुभयो।

त्यस्तै लकडाउन कहिलेसम्म जारी हुन्छ भन्नेमा पनि चालू आवमा कति निर्माण सकिन्छ भन्ने निर्धारण हुने उहाँले बताउनुभयो। सरकारले लकडाउन हटाउँदा पनि आमनागरिकमा भय नहट्दासम्म काम गर्न नसकिने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "सरकारले काम गर्न खुलाएरमात्रै हुँदैन, जनजीवन सामान्य अवस्थामा आउन अझै समय लाग्नसक्छ।"

विभागले अहिले उपलब्ध जनशक्ति र उपकरणबाटै निर्माण अघि बढाइरहेको महानिर्देशक शर्माले बताउनुभयो। मान्छेकोस्वास्थ्यलाई ध्यानमा राखेर जनशक्तिभन्दा उपकरणको प्रयोगमा जोड दिइएको छ। कुनै एउटाखालको जनशक्ति घर फर्किएर गएको छ र ऊ सङ्क्रमण फैलिएको जिल्लाबाटै आउनुपर्ने भएमा तत्काल अर्को ठाउँमा लगेर काम गर्ने सम्भावना छैन। उहाँले भन्नुभयो, "त्यसैले सकेसम्म भएकै जनशक्तिबाट थोरै काम भइरहेको छ।"

***चालु आवमा एक हजार २०० किमी सडक कालोपत्र र ३०० पुल निर्माण गरिने लक्ष्य राखिएको थियो। गत महिनासम्म ६३० किमी सडक कालोपत्र र १३२ पुल सम्पन्न भएको छ। अहिले देशभरमा २५० स्थानमा निर्माणको काम भइरहेको सडक विभागले जनाएको छ। अहिले निर्माणका लागि आवश्यक सामग्रीको उत्पादन र ढुवानी सहज भएसँगै अझै केही स्थानमा निर्माणले गति लिने सम्भावना रहेको सडक विभागका महानिर्देशक केशवकुमार शर्माले बताउनुभयो।***

हिजोआज नियमित वर्षा भइरहेकाले पनि लक्ष्यभन्दा कममात्रै निर्माण सम्पन्न हुने देखिएको विभागका उपमहानिर्देशक शिवहरि सापकोटाले बताउनुभयो।

अहिले विभागले वर्षा पहिले सम्पन्न नहुँदा वर्षाले क्षति पुर्‍याउने स्थानमा निर्माण अघि बढाएको छ।

निर्माणाधीन पुलमा ढलानमात्रै गर्न बाँकी छ र वर्षामा त्यहाँ भएका सामग्री नै बगाउने अवस्था छ भने तिनलाई प्राथमिकता दिइएको छ। उहाँले भन्नुभयो, "अहिले मानव स्वास्थ्य महत्वपूर्ण भएकाले सम्भव भएका ठाउँमा काम भइरहेको छ।"

निर्माणाधीन कतिपय आयोजनामा कार्यरतमध्ये कतिपय भारतीय कामदार भए पनि अहिले उनीहरू आफ्नो देश फर्किसकेका छन्। अहिले तत्काल उनीहरूलाई फर्काउने सम्भावना छैन।

देशभित्रै पनि सङ्क्रमित जिल्लाका कामदार फर्काउन नसकिएको उपमहानिर्देशक सापकोटाले बताउनुभयो। प्रशासन कार्यालयले पनि सवारी पास सहज उपलब्ध गराइरहेको छैन। विभागले अहिले त्रिभुवन राजपथ, कोशी राजमार्ग र महेन्द्र राजमार्ग, कर्णाली राजमार्ग र हुलाकी राजमार्गका विभिन्न खण्डमा निर्माण अघि बढिरहेको छ।

त्रिभुवन राजपथको हेटौँडा-भैँसे-लामीडाँडा सडकखण्ड, कोशी राजमार्गको देउराली-मुढे खण्ड र महेन्द्र राजमार्गको लम्की-अत्तरिया खण्डमा निर्माणको काम अघि बढेको हो। महेन्द्र राजमार्गको चुरे हेटौँडा खण्ड आवधिक मर्मतको काम भइरहेको छ।

पृथ्वी राजमार्ग फिस्लिङ-जोगीमारा खण्ड पटकै मर्मत अघि बढेको छ। दमकस्थित डिभिजन सडक कार्यालयले झापामा पुल र सडक निर्माण गरिरहेको छ। जुम्ला डिभिजन कार्यालयले गमगढी सडक स्तरोन्नति गरिरहेको छ। कोशी राजमार्गको विराटनगर-इटहरी सडक खण्डमा निर्माण अघि बढेको छ।

विभिन्न आयोजनामा सडकसँगै पुलको समेत निर्माण अघि बढेको छ। त्रिशूली पुलमा ठिमुरा निर्माणको काम भइरहेको छ। बूढी खोला पुल निर्माणको काम अहिले अघि बढिरहेको छ। रासस

# बन्दाबन्दीले दुध उत्पादनमा कमी

नवलपरासी। बन्दाबन्दीका कारण नवलपरासीमा पशु आहार सहजै रूपमा प्राप्त नहुँदा दुग्ध उत्पादनमा कमी आएको छ। दुग्ध विकास संस्थान सुनवल चिस्यान केन्द्र पश्चिम नवलपरासीका अनुसार बन्दाबन्दी पहिले दैनिक करीब २० देखि २२ हजार लिटर संकलन हुने गरेकामा अहिले घटेर १४ देखि १५ हजार लिटरमा प्रतिदिन झरेको छ।

बन्दाबन्दीका कारण पशु आहार पर्याप्त रूपमा नपाएपछि उत्पादनमा कमी आएको केन्द्रका कार्यालय प्रमुख विकास कार्की बताउनुहुन्छ।

दुग्ध विकास संस्थान हेटौँडामा रहेको पशु आहार उत्पादन उद्योगमा समेत उत्पादन कमी आएको छ। संस्थानले सहकारी संस्थामार्फत सर्वसाधारणलाई पशु आहार बिक्रीवितरण गर्छ।

गाईभैँसीलाई आवश्यक पर्ने पशु आहार ब्रान, चापट र पिना पाउन निकै समस्या छ। उत्पादन घटे पनि स्थानीय बजारमा बिक्री गर्न धेरै समस्या रहेको बर्दघाट -२ चिसापानी नमूना कृषि फर्म सञ्चालक शेरबहादुर आचार्य बताउनुहुन्छ। पश्चिम नवलपरासीमा संस्थानको सुनवल र सरावल गाउँपालिका-१, बासाबसहीमा चिस्यान केन्द्र छन्। दुवै केन्द्रमा २१ सहकारी संस्थामार्फत दूध संकलन हुन्छ। जिल्लामा संकलित दूध पोखरा र विराटनगर पठाउने गरिन्छ। पोखराको सुजल डेरी उद्योग र विराटनगरको दुध वितरण आयोजनामा धुलो दूध बनाउने गरिएको छ।

जिल्लास्थित सहकारी संस्थाले दूध बिक्री गरेको एक महिनाको रकम पाउन सकेका छैनन्। बन्दाबन्दीका कारण एक महिनाअघिदेखिको रकम सहकारी संस्थालाई भुक्तानी गर्न नसकिएको प्रमुख कार्कीको भनाइ छ। रासस

# पेट्रोलियम पदार्थ खपत दोब्बर




काठमाण्डु। नेपाल सरकारले आइतबारदेखि काठमाण्डु उपत्यकामा सवारी साधन सञ्चालनमा टाइम कार्ड लागू गरेसँगै पेट्रोलियम पदार्थको खपत बढेको छ।

लकडाउनका कारण पेट्रोलियम पदार्थको खपत न्यून रहेकामा आइतबार दोब्बर खपत भएको नेपाल आयल निगम थानकोट डिपोले जनाएको छ।

डिपोका प्रमुख प्रदीप यादवका अनुसार आइतबार दुई सय किलोलिटर पेट्रोल र पाँच सय किलोलिटर डिजेल खपत भएको छ। उहाँका अनुसार लकडाउन अवधिमा दैनिक ८० किलोलिटर पेट्रोल र दुई सय किलोलिटर डिलेज खपत हुँदै आएको थियो। टाइम कार्ड लागू गरेर सवारी साधन सञ्चालन गरेसँगै पेट्रोलियम पदार्थको खपतमा वृद्धि भएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार थानकोट गृहको भण्डारण क्षमतामध्ये पेट्रोल ८५, डिजेल ७२ र मट्टीतेल ८० प्रतिशत मौज्दात छ। तिनमा पाँच हजार ३१० किलोलिटर क्षमता रहेको पेट्रोल भण्डारणमा हाल चार हजार ५ सय किलोलिटर पेट्रोल राखिएको छ।

त्यस्तै आठ हजार चार सय किलोलिटर क्षमता रहेको डिजेलको भण्डारमा हाल सात हजार किलोलिटर र ७६० किलोलिटर क्षमता रहेको मट्टीतेलमा हाल सात सय किलोलिटर राखिएको छ। क्षमता हुँदाहुँदै पनि भरी मात्रामा तेल राख्न नमिलेका कारण ट्याङकरमै तेल राखिएको उहाँले जानकारी दिनुभयो।

उहाँका अनुसार हाल तीस ट्याङकरमा पेट्रोल र एक सय ट्याङकरमा डिजेल डिपोमा राखिएको छ। लकडाउनअघिसम्म काठमाण्डु उपत्यकामा मात्र दैनिक छ सय किलोलिटर पेट्रोल र आठ सय किलोलिटर डिजेल खपत हुँदै आएको थियो।रासस

# गौतमबुद्ध विमानस्थलको निर्माण अघि बढ्दै

भैरहवा। नदीजन्य निर्माण सामग्रीको अभावका कारण प्रभावित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलको निर्माण अगाडि बढेको छ। बुटवल उपमहानगरपालिकाले नदीजन्य पदार्थ उपलब्ध गराएपछि निर्माण अघि बढेको विमानस्थल आयोजना शाखाले जनाएको छ।

उपमहानगरपालिकाले आयोजनाका लागि तिनाउ नदीबाट नदीजन्य सामग्री बालुवा र गिट्टी उपलब्ध गराएपछि विमानस्थल निर्माण अगाडि बढेको विमानस्थल आयोजना प्रमुख प्रवेश अधिकारीले जानकारी दिनुभयो। राष्ट्रिय गौरवको आयोजना निर्माणका लागि सरकारले पुनःसञ्चालन गर्ने निर्देशन दिएसँगै विमानस्थल निर्माणका लागि स्थानीय प्रशासनसँगको सहकार्यमा निर्माण कम्पनीले काम निरन्तरता दिएको हो। बन्दाबन्दीका कारण केही समय सुस्ताएको विमानस्थलको निर्माण नदीजन्य पदार्थ बालुवा र गिट्टीको सहजतासँगै ११ किमी पेरिमिटरको सडक निर्माण, टर्मिनल भवन र एप्रोनबीचको भाग ढलान भइरहेको विमानस्थल आयोजना प्रमुख अधिकारीले बताउनुभयो।

धावन मार्ग, अन्तरराष्ट्रिय टर्मिनल भवन, ट्याक्सी वे, सिसिटिभी, रेस्क्यु एण्ड फायर फाइटिङ, कन्ट्रोल टावर, प्राविधिक उपकरण जडान र प्रशासनिक भवनलगायत ९० प्रतिशत कार्य सम्पन्न गर्ने अन्तिम म्याद रहेको जनाएको छ।रासस


# Manarasishwa Municipality
## Office of the Municipal Executive
### Manara, Mahottari.
Province no.2

## Invitation for Bid

**Date of publication: 11th May 2020 A.D. (2077/01/29)**

1. Manarasishwa Municipality, Office of the Municipal Executive, Mahottari has allocated funds towards the cost Construction of Durga Technical School Building, wada no.01 and intends to apply part of the funds to cover eligible payments under the Contract as described in the table below. Bidding is open to all eligible Nepalese Bidders.

| S.N | Contract ID No. and Road Name | Total Cost (Without VAT &contingencies) | Bid Document Price (Non Refundable) | Last Date and Time of Purchasing Bid Document | Last Date and Time of Bids Document Submission | Bid Opening Date | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | Amount Nrs. | Validity Period |
| 1 | MUN / MAN - SIW / MOH / NPC / School - 01/076/77) Construction of Durga Technical School Building,wada no.01 | 65,11,440.14 | Nrs.3000 | 9th June 2020 (Within 17:00 hrs) | 10th June 2020 (Within 12:00 hrs) | 10th June 2020 Within 13:00 hrs | 90 days 8th Sep. 2020 | 206,000.00 | 120 days 8th Oct. 2020 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Manarasishwa Municipality, Office of the Municipal Executive, Mahottari Technical Department or at the PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the Manarasishwa Municipality Office, Mahottari by eligible Bidders on the submission of a written application, along with the Certified copy of company/firm registration certificate, VAT Reg. Certificate,Tax Clearance Certificate up to F.Y.075/76.

**or**

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's WebSite www.bolpatra.gov.np. Bidders, submitting their bid electronically, should deposit the cost(as specified Below) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank: Laxmi Bank, Manara Branch, Mahottari Name of Office : **Manarasishwa Municipality Office, Manara ,Mahottari**

Office Account no.: **08411000686 Darauti khata** Rajaswa (revenue) Shirshak no. : **Deposit Account**

4. Pre-bid meeting shall be held at Municipality Hall at 20th May. 2020.
5. Sealed or Electronic bids must be submitted to the Manarasishwa Municipality,Office of the Municipal Executive, Mahottari by hand or through PPMO website www.bolpatra.gov.np. on or before before 12:00 AM on Date mentioned in the table above. Bids received after this deadline will be rejected.
6. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064,the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA and PPR prevail.

**Chief Administrative Officer**

# दोस्रो प्राथमिकता रोजगारीलाई दिँदै नीति तथा कार्यक्रम बनाउँदै नीति आयोग

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रदेश २ को नीति तथा कार्यक्रम बनाउन नीति आयोगले काम शुरु गरिसकेको छ । नीति तथा कार्यक्रम बनाउन हामी एक सातादेखि काम शुरु गरिसकिएको आयोगका उपाध्यक्ष डा.भोगेन्द्र झाले बताए ।

शुरुमा प्रदेशका मन्त्रीसँग छलफल गर्ने लक्ष्य राखिएको बताउँदै उनले सामाजिक र आन्तरिक मामिला तथा कानुन मन्त्रीसँग छलफल भइसकेको बताए । 'अरु मन्त्रीका साथै प्रमुख सचिव, नागरिक समाज, संचारकर्मीसँग तथा काठमाडौंका एक्सपर्टसँग भर्चुअल बैठक गरेर नीति तथा कार्यक्रम ल्याउँछौं' जनकपुर टुडेसँग कुरा गर्दै उनले भने ।

बनाइने नीति तथा कार्यक्रममा कोभिड नियन्त्रण, व्यवस्थापनलाई पहिलो प्राथमिकतामा राखिने उनले बताए । दोस्रो, भोलीका दिनमा वैदेशिक रोजगारीबाट फर्किने ठूलो संख्या र अहिले पनि कायम रहेका बेरोजगारलाई व्यवस्थापन गर्ने किसिमको हुने उनी बताउँछन् ।

तेस्रो, सामाजिक सुरक्षाको प्रत्याभूतिलाई प्राथमिकतामा राखिने उनले बताए । सामाजिक सुरक्षाको अर्थ प्रहरी र सेना होइन खानादेखि, स्वास्थ्य, शिक्षा, उपचार पनि हो' उनले भने, "यसतर्फ हामी गम्भीर छौं ।"

धनी देशहरुले नागरिकलाई तलवको केहि प्रतिशत खातामा पठाइदिने गरेको भएपनि यहाँ त्यस्तो नदेखिएको बताउँदै उनले संविधानमा मौलिक हकको ग्यारेन्टी गरिएपछि यहाँ खाना नै नपाएर कोहि पनि नमरुन् भन्नेतर्फ सरकारहरुले ध्यान दिनु जरुरी छ।

सडक, पुल बनाउने कामलाई यस पटक प्राथमिकता नदिई त्यो बजेटले रोजगारी अभिबृद्धि, कृषिको आधुनिकीकरण र नागरिकको सुरक्षा प्रत्याभूति दिलाउनु आवश्यक भएको उनले बताए ।

"यो प्रदेशलाई कोरोनासँग फाइट गर्नुका साथसाथै बेरोजगार भएर बसेका वैदेशिक रोजगारीमा गएकाहरु फर्किएपछि उनीहरुलाई रोजगार दिनु ठूलो चुनौतिको समेत सामना गर्नुपर्ने हुन्छ ।"

सबैभन्दा बढी रेमटियान्स आउने प्रदेश २ नै रहेको भन्दै झा एक वैदेशिक संस्थाका अनुसार खाडी मुलुकमा काम गरिरहेका नेपालीमध्ये ५ लाख बेरोजगार भइसकेको जानकारी आफूले पाएको बताए । 'यो ५ लाखमा डेढ् लाख प्रदेश २ कै रहेको बुभिृन आएको छ। उनीहरु फिर्ता आएपछि उनीहरुको व्यवस्थापन गर्नु ठूलो चुनौति हुनेछ ।"

उनीहरु फर्केपछि भोकमरीको समस्या बढ्न सक्ने बताउँदै झा भन्छन्, "किन भने आम्दानी घटिहाल्छ। बजारमा खरीद गर्नेको सामर्थ्य रहँदैन्। जे उत्पादन हुन्छ त्यसको माग नै रहँदैन् । त्यो मन्दीको अवस्था आउँछ । त्यसले डिप्रेसन ल्याउँछ ।"धान्दै आएको रेमिट्यान्स बन्द भएपछि धेरैलाई पेट पाल्न नै समस्या हुन सक्ने उनको धारणा छ । खाना नभेटे, पोषणको अवस्था कमजोर रहे, स्वास्थ्य उपचार नपाइए बहुआयामीक गरिबी बढ्नु स्वभाविकै हो' उपाध्यक्ष झा भन्छन, "यद्यपी कति प्रतिशले बढ्छ भन्ने कुरा तत्काल भन्न सकिन्नँ ।"

वैदेशिक रोजगारबाट कति फर्किन्छन्, उत्पादनमा कति कमी आउँछ त्यसपछि मात्रै गरिबीको दर बाहिर आउने उनले बताए । 'आम्दानी जुन रुपले घट्छ गरिबी पनि त्यही रुपमा बढछ' उनले भने ।

'कतार, दुबईसहित खाडी मुलुकमा रहेकाले आफ्ना बच्चालाई शहरमा राखेर पढाउँदा त राम्रो कुरा थियो नि' उनी भन्छन्, "अब यो सबै प्रभावित हुन्छ । आम्दानीको श्रोत घटेपछि शहरको नीजि विद्यालयमा पढ्ने बालबालिका भोली त्यहीं पढ्छन कि फिर्ता हुन्छन् भन्ने डर पनि छ ।"

भविष्यमा हुन सक्ने आर्थिक मन्दीबारे अहिलेदेखि नै सोच्नुपर्ने झाको भनाई छ । 'अहिले नै सतर्क नभए अर्थ व्यवस्था मन्दीतर्फ अग्रसर हुन्छ र अर्थ धरासायी हुन्छ' उनी भन्छन्, "अहिले नै यसतर्फ सतर्क रहनु जरुरी छ ।"विगतमा अनुत्पादक खर्च बढी भएको भन्दै उनले यो खर्चलाई तत्काले रोक्नुपर्ने बताउँछन् । साधारण खर्च र अनुत्पादक खर्च नियन्त्रण नगरिए ठूलो समस्या आउन सक्ने उनको आँकलन छ । केन्द्र, प्रदेश र स्थानीय तह सबैले यसमा ध्यान दिनुपर्नेमा जोड् दिन्छन् उनी । अनुत्पादक खर्च घटाएर उत्पादनमा खर्च बढाउनुपर्ने उनको धारणा छ । आर्थिकको स्खलन कसरी नियन्त्रण गर्दै डिप्रेसनको अवस्थामा नजाओस् भन्नका लागि सबै सरकारलाई गम्भीर बन्नुपर्ने उनको धारणा छ।

# छोराको आक्रमणमा घाइते पिताको मृत्यु

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा छोराको आक्रमणमा परी गम्भीर घाइते भएका पिताको मृत्यु भएको छ ।

आफ्नै छोराले दाउराको चिर्पट प्रहार गर्दा जिल्लाको क्षिरेश्वरनाथ नगरपालिका वडा नम्बर ३ पकडिया बस्ने ६० वर्षीय जोगी महासेठ गम्भीर घाइते भएका थिए ।

उनको शनिबार राति उपचारका क्रममा विराटनगरमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

घरायसी विवादका क्रममा ३० वर्षीय छोरा नरेश महासेठले मंगलबार बुबा जोगी महासेठमाथि दाउराको चिर्पट प्रहार गरेका थिए ।

छोरोको चिर्पट प्रहारबाट गम्भीर घाइते भएका उनलाई सोही दिन उपचारका लागि विराटनगर लगिएको थियो । चिर्पट प्रहार गर्ने नरेश फरार भएका छन् । उनको खोजी कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# सहमति उल्लंघन भएको छः प्रजिअ घिमिरे

**राकेश यादव**



गोर । रौतहटको सुरक्षा निकायका प्रमुख तथा स्थानीय तहका प्रमुखहरुको संयुक्त टोलीले जिल्लाको ईशनाथ नगरपालिका वड़ा नम्बर १ बंजरहास्थित नेपाल-भारत सीमामा देखिएको समस्याको आइतवार स्थलगत निरीक्षण गरेका छन् । भारतले निर्माण गरेको ड्याममा मर्मत गर्न लाग्दा नेपाली भूमि च्यापिएको भनी सार्वजनिक भएपछि सुरक्षा निकाय, गौर नगरपालिका र ईशनाथ नगरपालिकाको प्रमुखहरुको संयुक्त टोलीले निरीक्षण गरेका हुन् ।

पुरानो बांधको उचाई तथा चौड़ीकरण भारत सरकारले गर्न लागेको हो भारतको पूर्वी चम्पारणको जिल्ला मोतिहारी बलुवा गाउँको वड़ा नम्बर ३ मा रहेको उक्त बांधको मरमत गर्ने कार्य जारी रहेकोमा ठेकेदारले माटो हल्दा हल्का नेपाली दशगजामा माटो परेकोले समस्या उत्पन्न भएको छ ।

स्थलगत अनुगमनपछि प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले नेपाल भारतविच भएको लिखित सहमतिको भारतीय पक्षले पालना नगरेको बताए। नेपाल-भारत सीमामा रहेको पिलर संख्या ३४७ भन्दा पूर्व लगभग २०० मीटरमा माटो हाल्ने सहमति भएकोमा माटो पुरिएको देखिएपछि सहमतिको उल्लंघन भएको प्रमुख जिल्ला अधिकारी घिमिरेको भनाइ रहेको छ।

पुर्ननिर्माणिको क्रममा नेपालको भूभाग मिचिएको भन्ने अहिले यकीन गरी भन्ने अवस्था नरहेको बताउँदै नेपाल भारत सिमा निरीक्षण टोलीले नापजांच गरे पछि यकीन गर्न सकिने उनले जिकिर गरे ।

बांध अहिलेको नभई पुरानो नै रहेको उनले बताए। लिखित सहमति अनुसार बांधमा रहेको हनुमान मंदिरदेखि पश्चिम माटो हाल्ने रहेको थियो । तर अहिले मंदिर देखि पच्छिम सम्म बांधमा माटो थुपारिएको छ । भारतीय समकक्षी मोतिहारीको डीएम सित कुरा हुदा माटो थुपार्ने काम अहिले रोक्ने प्रतिवद्धता जनाएको बताउँदै प्रमुख जिल्ला अधिकारी घिमिरेले समाधान हुने विश्वास व्यक्त गरे ।

ईशनाथ नगरपालिकाका नगर प्रमुख संतोष कुमार मेहताले समस्या कुनै जटिल नभएकोले समाधान हुने बताए । बांधको मर्मत गर्ने क्रममा एक दुइ ठाउँमा हल्का माटो नेपाली भूमिमा आएको उनले बताए ।

# समाजिक दुरी पालना भएन



**टुडे समाचारदाता**

गोर । रौतहट जिल्लामा सामाजिक दुरीको पालना नभएको पाइएको छ। विश्व भरी महामारीको रुपमा फैलिएको कोरोना भाइरस कोभीड् १९ को संक्रमण रोकथाम नियंत्रण तथा उपचारको लागि नेपाल सरकारले गरेको पूर्ण लकडाउन खुकुलो गरिए पछि समाजिक दुरीको पालना हुन सकेको छैन् ।

समाजिक दुरी व्यवस्थापन गर्दै अति आवश्यक पसल सञ्चालन गर्ने भनी नेपाल सरकारको निर्णयले कोरोनाको जोखिम उच्च भएको छ । संक्रमण फ़ैलन नदिनको लागि सामाजिक दुरी अवलम्बन गरिनु पर्ने अनिवार्यभएपनि बाजार सञ्चालनमा आउदा सामाजिक दुरीको अवज्ञा भैरहेको छ । लकडाउन गरिनु पर्ने कतिपयको सुझाव रहेको छ।

गौर लगायत जिल्लाको विभिन्न ठाउँ गरुडा , कटहरिया , बंकुल , सन्तपुर , समनपुर , चन्द्रनिगाहपुरमा बाजार पूर्ण रुपमा सञ्चालनमा आएको छ । सरकारी कार्यालय , यातायातका सवारी साधन भने बंद रहेको छ । गौरमा वित्तीय सस्था बैंक कपडा पसल , किराना पसल का'स्मेटिक पसल , इलेक्ट्रा'निक्स पसल , गैरेजहरु समेत खुली सकेको छ ।

आम नागरिकको जीवन यापनमा सहयोग पुग्ने उदेश्यले सरकारले लकडाउन खुकुलो गरेकोमा असमझदारीको कारन संक्रमण फ़ैलन सकिने उच्च जोखिम बढेको हो । विहान १० बजे देखि बेलुकी ४ बजे सम्म पसल खुल्ला गर्ने गरेको छ।

बजार खुल्यो भनी स्थानीय सेवाग्राहीहरुको चहल पहल बढेकोमा सामाजिक दुरी व्यवस्थापन गर्न स्थानीय प्रसाशन लाइ समस्या भएको छ। संक्रमण प्रति सरकार गंभीर नभएको भनी नकारात्मक टिपण्णी आलोचना पनि तीव्र रुपमा भैरहेको छ।

# प्रदेश सरकारको राहत क्षीरेश्वरनाथ नपा- १० मा वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल सहित विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाईरस(कोभिड-१९) को कारण आयस्रोतको माध्यम नै गुमेको कारण दैनिक हातमुख जोड्न समेत धौ-धौ परेको बेला प्रदेश नं. २ सरकारले उपलब्ध गराएको राहत क्षीरेश्वरनाथ नगरपालिका वडा नं. १० मा आइतबार वितरण गरिएको छ ।

प्रदेश सरकारले उपलब्ध गराएको राहत क्षीरेश्वारनाथ नगरपालिका वडा नम्बर १० मा वितरण गरिएको हो ।



क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर १० का वडाध्यक्ष राम पदार्थ यादवको संयोजकत्वमा गठित समिति बाट ६० घरपरिवारलाई राहत वितरण गरिएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय धनुषाद्धारा बुधबार जनकपुरधाम वडा नं. ७ मा आयोजित एक कार्यक्रमका बीच उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २ का मंत्री राम नरेश रायले उदघाट्न गरेपछि राहत वितरण कार्य सुरु भएको थियो । धनुषाका सबै पालिकाका १६९ वटा वडाहरुमा गरी १०,२४९ जनालाई राहत वितरण गरिने जनाइएको छ ।

कोरोना भाईरस संक्रमण( कोभिड-१९) प्रभावित मजदुर, श्रमिक, गरिब तथा आर्थिक रुपमा विपन्न किसानलाई पहिलो प्राथमिकता राखी प्रदेश २ सरकारले विशेष परिस्थिति भनी २०७६ साल चैत १६ गते प्रदेश मन्त्रिपरिषद्ले घरेलु प्रदेशका ८ वटै घरेलु तथा साना उद्योग कार्यालयहरुलाई खरिद प्रक्रियाद्धारा राहत वितरण गर्ने जिम्मेवारी दिएको थियो ।

कोरोना भाईरसको महामारीलाई दृष्टिगत गरी जारी लकडाउनको अवस्थामा ज्यालादारी गर्ने मजदुर, श्रमिक, गरिव तथा आर्थिक रुपमा विपन्न किसानलाई हातमुख जोड्न समस्या नहोस् भनेर प्रदेश सरकारले दोस्रो चरणको राहत बितरण गर्ने निर्णय गरेको छ ।

राहत समाग्रीमा २५ किलो सोना मंसुली चामल, मसुरोको २ किलो दाल, तोरी वा सरसोको १ लिटर खाने तेल, आयोडिन युक्त १ किलो नुन, सोयाविन आधा किलो र हात धुने ७५ ग्रामको १ थान साबुन रहेको छ ।

# गोलबजारमा अनुगमन

**मुकेश कुमार यादव**



लहान । कोरोना भाइरसको महामारी रोक्न सरकारले जारी गरेको लकडाउनको बेला कालोबजारी बढेको जनगुनासो व्यापक बढेपछि गोलबजारमा अनुगमन गरिएको छ ।

गोलबजार नगरपालिकाले गरेको बजार अनुगमनको क्रममा लाखौं मूल्य बराबरको म्याद गुज्रेका खाद्यान्न तथा अनुमति विना विक्रि वितरणको लागि राखेका चुरोट, खौनी लगाएको समाग्री जफ्त गरी नष्ट गरेको छ। अनुगमनकै क्रममा पेयपदार्थको डिलर र घरेलु राइसमिल शिल गरिएको छ।

गोलबजार नगरपालिकाका उपप्रमुख तथा अनुगमन समितिका संयोजक रेशम कुमारी थापाले बजार अनुगमनका क्रममा भेटिएका म्याद नाघेका खाद्य सामाग्री र सुर्तिजन्य पदार्थ चुरोट, खैनी, गुटखा लगाएका, तथा पेय पदार्थहरु जफ्तगरी नष्ट गरेको जानकारी दिए । व्यवसायीहरुले मानव स्वास्थ्यलाई ख्याले नगरी म्याद नाघेका खाद्य सामाग्री, पेय पदार्थ बेच्नेहरुलाई सचेत गराउँदै म्याद नाघेका र अनुमति वेगरका सामान जफ्त गरिएको बताए ।

उनले भने, 'अनुगमनका क्रममा मूल्य सूचि अनुसारको विक्रिवितरण गर्न व्यसायीलाई अनुरोध गर्दै म्याद नाघेका सामान छुट्याएर छुट्टैराख्न भनिएका छौं, अब उपरान्त यस्तो भेटिए कानुनअनुसार कार्वाही हुन्छ ।'यो पहिलो चरणको अनुगमन भएकोले सचेत गराउने कार्यपनि गरिएको उपमेयर थापाले बताइन। अनुगमन समितिले समाजिक दुरीको पालना गरेको नगर प्रवक्ता उमेश बरालले बताए ।

**सोही क्रमम पब्लिक कोल्ड स्टोर (पेप्सी डिलर) पनि शिल गरिएको छ ।**

डिलरमा पेप्सी, मिरिण्डा, माउन्टेन ड्यु लागायतका म्याद गुज्रेका पेय पदार्थ फेला परेकाले डिलर शिल गरिएको बताईएको छ।

म्याद नाघेका पेय पदार्थ अनुगमन समितिको प्रत्याक्ष निगरानीमा कम्पनीमा फिर्तागिर्ने शर्त सहित डिलरमा शिल गरिएको गोलबजार उद्योग बाणिज्य संघका अध्यक्ष भरत अग्रवालले जानकारी दिए ।

त्यसैगरी, भावना राइस मिलल, गोलबजार -६ ले अनुमिति मनै मापदण्ड विपरित गहुँको आँटा प्याकिङ्ग गरी बजारमा विक्रि गरेको पाइएपछि गोदाम शिल गरिएको छ ।

नग-उपप्रमुख रेशम कुमारी थापाको संयोजकत्वको अनुगमन समितिमा इलाका प्रहरी कार्यालयका प्रमुख इन्सपेक्टर जनक पुरी, सशस्त्र व्यस क्याम्प गोलबजारका प्रमुख इन्सपेक्टर कृष्ण पौडेल, जनप्रतिनिधीहरु, गोलबजार उद्योग व्यापार संघका अध्यक्ष भरत अग्रवाल लागायतका पदाधिकारी र पत्रकारहरुको सहभागीता रहेको थियो ।

# एक जना थपिए, सङ्क्रमितको संख्या ११० पुग्यो

**टुडे समाचारदाता**

काठमाण्डु । आइतबार थप एक जनामा कोरोना भाइरसको सङ्क्रमण देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले उदयपुर, भुल्केका ४३ वर्षीय महिलामा सङ्क्रमण देखिएको बताए । अधिकारीका अनुसार ती महिलाको विराटनगरको कोशी अस्पतालको प्रयोगशालामा परीक्षणका क्रममा सङ्क्रमण देखिएको हो ।

योसँगै नेपालमा ११० जनामा कोभिड-१९ को सङ्क्रमण देखिएको छ। ती सङ्क्रमितको अवस्था सामान्य र स्वास्थ्यकर्मीको सम्पर्कमा रहेको उनले बताए ।

**नोबेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल संक्रमण हो. हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

यसबाट बच्ने उत्तम उपायहरु :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसंग हात धुने,
- अनावश्यकरुपमाा घर बाहिर र भिडभाडमाा नजाने,
- खोक्दा र हछ्युँ गर्दा नाक र मुख कुहिनोले छाप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसंगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्कीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**जनकपुर टुडे मिडिया ग्रुपको अपिल**

नियमति रुपमा साबुन पानी तथा अल्कोहलयुक्त हेण्ड रबले हात धुने र सेनिटाइजर प्रयोग गर्ने ।

खोक्दा, हाँचिछउँ गर्दा नाक र मुख हात, रुमाल अथवा हातको कुहिनाको भागले छोप्ने ।

रुगाखोकी, ज्वरो तथा स्वास-प्रस्वासमा समस्या आए नजिकको स्वास्थ्य संस्थामा गएर चिकित्सक संग जाँच गराउने ।

अनावश्यक रुपमा आफ्नो नाक, मुख र आँखा नछुने, छुनु परे राम्ररी हात धोकेर मात्र छुने । मोबाईल फोन लगायत धेरै प्रयोग गर्ने बस्तु सफा राख्ने ।

रुगाखोकी लागेको व्यक्तिसंग दुरी कायम राख्ने, कुरा गर्नु परे १ मिटर टाढा बसेर गर्ने । अनावश्यक भिडभाडमा नजाने ।

माछा, मासु र अण्डा राम्ररी पकाएर खाने । जङ्गली तथा घरेलु पशुपंछीसँगको असुरक्षित सम्पर्कबाट जोगिने ।

जनहितमा जारी संदेश

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९०१०१, E-mail : jtodaynews@gmail.com,todayad@gmail.com, Website : www.ejanakpurtoday.com